का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ मंसिर २०८२
मंगलबार
25 November 2025
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक २८५ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# डरलाग्दो ग्राफ

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ८ मंसिर

आफ्नै २५ वर्षीया श्रीमती सीता सुनारको हत्याको अभियोगमा रोल्पाको परिवर्तन गाउँपालिका-१ घर भएका २३ वर्षीय सन्जु सुनार पक्राउ परे। सुनार दम्पती घोराही उपमहानगरपालिका-१८ गिठेपानीस्थित पुस्तक पसल गरी बस्थे। कात्तिक ३० गते सामान्य विवाद बढ्दै जाँदा सन्जुले श्रीमतीको हत्या गरे।

करिब तीन वर्षदेखि लिभिङ टुगेदरमा बस्दै आएका भारत उत्तर प्रदेश सिद्धार्थनगर चिल्हिया थाना घर भएका ३५ वर्षीय हफिजुल्लाह मुसलमान आफ्नी ४० वर्षीया प्रेमिकाको घाँटी डोरीले कसेर हत्या गर्ने प्रयासमा पक्राउ परे। गत असोज ३१ गते बुटवलबाट फर्कंदा मुसलमानको मोबाइलमा रहेका तस्बिर प्रेमिकाले मुसलमानकी श्रीमतीको मोबाइलमा पठाइदिएपछि परिवारमा तनाव उत्पन्न भयो। सोही रिसकै कारण उनले हत्या योजना बनाएको खुलेको कपिलवस्तु प्रहरीले जनाएको छ। कात्तिक १५ गते कपिलवस्तु नगरपालिका-४ लौसा गाउँनजिक तौलिहवा-बहादुरगन्ज सडकखण्डमा युपी ५५ एबी ६९७९ नम्बरको कारभित्र हत्या प्रयास भइरहेको देखेपछि सो बाटो हुँदै गइरहेका एक ट्रक चालकले तत्काल मुसलमानलाई नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए।

दाङको गढवा गाउँपालिका-७ मानपुर बस्ने २१ वर्षीयकुमार विक ११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मंसिर ६ गते साँझ पक्राउ परे। कुमारले ती बालिकालाई ललाइफकाइ जबरजस्ती गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको छ।

यी त प्रतिनिधि घटना मात्र हुन्। समाजमा दैनिक दजनौं महिला हिंसाका यस्ता घटना भइरहेका छन्। महिला र बालबालिकामाथि भएका अपराधको पाँचवर्षे तथ्यांक केलाउने हो भने नेपाली समाजमा महिलामाथि गरिने व्यवहार निकै क्रुर देखिन्छ। थुप्रै कानुन बने पनि महिला बेचबिखन, बहुविवाह, पृष्ठ २ मा







# डिजिटल हिंसा भोग्दै महिला

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ८ मंसिर

अभिनेत्री वर्षा राउतले सोमबार फेसबुकमा लेखिन्, 'यो मन कहिलेकाहीँ अन्धकारतिर तानिन्छ, यो समाजमा बाँच्न मलाई साँच्चिकै धेरै गाह्रो भइसक्यो।'

उनी पछिल्लो समय फिल्म 'हर्ष'को प्रचारप्रसारका क्रममा केही दिनअघि एक टिभी कार्यक्रममा श्रीमान संजोग कोइरालासँगको वैवाहिक सम्बन्ध, खटपटको चर्चा, हातमा देखिएको दागसहितका बारेमा बोलेकी थिइन्। त्यसपछि नै हो राउतले सामाजिक सञ्जाल प्रयोगकर्ताको टिप्पणीबाट हैरानी नराम्रोसँग खेप्नुपरेको। 'समाजले सदैव 'सब राम्रो देखिनुपर्छ' भन्ने मुखौटा लगाउन बाध्य पार्छ तर भित्रको गल्ती, अन्याय, असमानता बदल्न कहिल्यै तयार हुँदैन,' उनले लेखेकी छन्। सो पोस्टमा प्रतिक्रिया दिने धेरैले उनलाई मानसिक रोगीको संज्ञा दिँदै चरित्रमाथि पनि प्रहार गरिरहेका छन्।

गायिका समीक्षा अधिकारीले त झन पलपल मरेरै बाँच्नुपर्‍यो। नायक पल शाहसँगको सम्बन्धलाई लिएर सामाजिक सञ्जाल फेसबुक, टिकटक, इन्स्टाग्रामलगायतमा ट्रोल बनिन्। यौन दुरुपयोगको मुद्दामा उच्च अदालत पोखराको फैसलाअनुसार शाहलाई एक वर्ष थुनामा हुँदासमेत साइबर हिंसाको सिकार भइरहिन् अधिकारी। उनले हिम्मत हारिनन् र गलत निर्णय लिइनन्। त्यस कारण आज 'बोल्ड' लेडीका रूपमा परिचित छन्। अझै पनि उनीमाथि डिजिटल पृष्ठ २ मा




# बजेट कटौतीले ठप्प विकास



बजेट रोक्काका कारण विकास निर्माणको काम गर्न समस्या आइरहेको छ। जनतासँग जोडिएका योजना कार्यान्वयन गर्न प्रधानमन्त्री र अर्थमन्त्रीसँग समन्यव गरिरहेको छु।

**कुलमान घिसिङ**
ऊर्जा, भौतिक तथा सहरी मन्त्री



विनियोजन बजेट एकमुष्ठ रोकिएकाले धेरै आयोजना कार्यान्यवयनको गतिमै ब्रेक लागेको छ। बजेट कटौटीले विकास निर्माणमै समस्या आउने देखिन्छ।

**केशव शर्मा**
सचिव, भौतिक पूर्वाधार तथा यातायात

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं ८ मंसिर

जेन्जी आन्दोलनपछि बनेको सरकारले गरेको खर्च कटौतीको असर विकास निर्माणमा देखिएको छ। असोज ५ गतेको मन्त्रिपरिषद् बैठकले निर्वाचन र पुनर्निर्माणका लागि आवश्यक रकमका लागि भनेर अर्थमन्त्री रामेश्वर खनालको प्रस्तावमा करिब १ खर्ब २० अर्ब रुपैयाँबराबरका योजना स्थगन गर्ने निर्णय गरेको थियो।

विकासले मन्त्रालयका रूपमा रहेको सहरी विकास मन्त्रालयको ६१ अर्बको कटौटी गरिएको थियो भने भौतिक पूर्वाधार तथा यातायत मन्त्रालयको २० अर्ब र ऊर्जा मन्त्रालयको १७ अर्ब रुपैयाँ कटौती भएको थियो। यी विकासे मन्त्रालय भए पनि तीनवटा मन्त्रालयको बजेट ९८ अर्ब कटौटी हुँदा त्यसको असर विकास निर्माणमा परेको छ। बजेट कटौतीको असर चालू आर्थिक वर्षको चार महिनाको पुँजीगत खर्चले देखिएको छ। नयाँ सरकारले पूर्वाधारका धेरै आयोजनाका बजेट कटौती गर्दा पुँजीगत खर्चमा निकै नै कम भएको हो।

महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार चार महिनामा विनियोजित रकमको ६ दशमलव ५ प्रतिशत मात्रै पुँजीगत खर्च गरेको छ। चालु आर्थिक वर्ष २०८२/८३ का लागि ४ खर्ब ७ अर्ब रुपैयाँ पुँजीगत खर्च छुट्टाइएकोमा सोमबारसम्म मात्र २६ अर्ब २० करोड रुपैयाँमा मात्र खर्च भएको छ। बजेटको अभावमा भौतिक पूर्वाधार तथा पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मलेसियामा विदेशी कामदार भर्ना नीतिहरूको पुनरावलोकनको माग

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, ८ मंसिर

मलेसियाका अधिकारकर्मीहरूले विदेशी कामदार भर्ना नीतिहरूको पूर्ण रूपमा पुनरावलोकनको माग गरेका छन्। उनीहरूले हाल गृह मन्त्रालयबाट विदेशी कामदारको कोटा एप्रुभल गर्दा ठुलो भ्रष्टाचार, जबरजस्ती श्रम र शोषणको मात्रा बढेको भन्दै विदेशी कामदार भर्ना प्रक्रियामा गृह मन्त्रालयको सट्टा मानव संशाधन मन्त्रालयलाई अधिकार हस्तान्तरण गरिनुपर्ने माग गरेका छन्।

कोटाहरू निर्धारण गर्ने र पीडित आप्रवासी कामदारहरूलाई अपराधीका रूपमा व्यवहार गर्ने गरिएको भन्दै मलेसियाको नागरिक समाज अन्तर्गतका समूहहरूले गृह मन्त्रालयका नीति र भ्रष्टाचारजन्य गतिविधिले मलेसियाले मानव बेचबिखनको मूल कारण समाधान गर्न नसकेको देखिएको बताएका छन्।

नर्थ-साउथ इनिसिएटिभका कार्यकारी निर्देशक एड्रियन पेरेराले आप्रवासी कामदार बेचबिखनको पछाडिका योजनाकारविरुद्ध पनि कुनै ठोस कारबाही नभएको बताए।

उनले मलेसियामा विदेशी कामदार हरूलाई विशेष रूपमा व्यवस्थापन गर्ने कानुनको नयाँ मस्यौदा तयार गर्ने प्रस्तावसमेत गरेका छन्। 'वासस्थान, स्वास्थ्य सेवा, सुरक्षा जस्ता पक्षमा व्यापक सुधार नभएको पृष्ठ २ मा

### अब विदेशमा दुई साताभित्र राहदानी पठाइने

**काठमाडौं/मस-** राहदानी विभागले वैदेशिक रोजगारमा रहेका नेपाली श्रमिकको राहदानी दुई साताभित्र पठाउने बताएको छ। विभागले समयमा राहदानी नवीकरण गरेर नपठाउँदा हाल वैदेशिक रोजगारीमा रहेका कयौं नेपाली श्रमिक समस्यामा परेका छन्।

विभागले सोमबार सूचना जारी गर्दै विदेशस्थित नेपाली नियोगमा राहदानीका लागि आवेदन दिएका आवेदकहरूको राहदानी साबिककै हिसाबमा एक-दुई साताभित्रमा छपाइ गरी पठाइने व्यवस्था मिलाइने बताएको छ।

त्यसैगरी विभागले लामो समयको प्रयासपछि अन्तरिम अवधिका लागि थप सात लाख राहदानी तथा त्यसको वैयक्तीकरणलगायतका पृष्ठ २ मा

# तोडियो मुख्यसचिवमा 'सेटिङ'



व्यक्तिगत लाभका लागि संस्थागत पद छाड्ने र अर्कोलाई पालो मिच्ने वातावरण बनाउनु दुवै गलत हो। कम्तीमा यसपटक त्यस्तो भएन।

**लिलामणि पौडेल**
पूर्वमुख्यसचिव

**जनक नेपाल/मध्यान्ह**
काठमाडौं, ८ मंसिर

रक्षा मन्त्रालयका सचिव सुमनराज अर्याललाई २८औं मुख्य सचिवमा नियुक्त गर्ने सरकारको निर्णयसँगै राजनीतिक सम्बन्ध र 'सेटिङ'मा मुख्यसचिव नियुक्त गर्ने परम्परा तोडिएको छ। तथ्यांक सेवाबाट निजामतीमा प्रवेश गरेका अर्याल विज्ञान विषयमा स्नातकोत्तर छन्। १९ माघ २०७७ मा सचिव भएका उनी २०८३ असार २६ गतेसम्म मुख्यसचिव रहने छन्।

यसअघिका परम्परा कायमै रहेको भए राष्ट्रिय योजना आयोगका सचिव गोकर्णमणि दुवाडी मुख्यसचिव हुन्थे। जसरी अवकाश पाउनु एक दिनअघि ३२ जेठ २०८० मा वैकुण्ठ अर्याल मुख्यसचिव भएका थिए। १५ महिनाअघि मुख्यसचिव नियुक्त एकनारायण



अर्याल ५८ वर्षे उमेर हदका कारण मंगलबार अनिवार्य अवकाश हुँदै छन्। उनीसँगै सचिवको पाँचवर्षे कार्यकाल सकिएर दुवाडीले पनि अवकाश पाउनेछन्।

सरकारले चाहेको भए अर्याललाई एक दिनअघि राजीनामा गराएर उनलाई मुख्यसचिव नियुक्ति गर्न सक्थ्यो, जसरी वैकुण्ठ अर्याल बनेका थिए। जेनजी आन्दोलनका बेला गृहसचिव रहेकाले पनि दुवाडीलाई मुख्यसचिव बनाउन प्रधानमन्त्री सुशीला कार्कीले अनिच्छा व्यक्त गरिन्। जाँचबुझ आयोगले उनलाई बयानका लागि बोलाउनुका साथै उपत्यका छाड्नसमेत रोक लगाएको छ।

यसअघि तत्कालीन मुख्यसचिव शंकरदास वैरागीले साढे तीन महिना कार्यकाल छँदै राजीनामा दिएर अवकाशमा जान लागेका अर्यालका लागि बाटो खोलिदिएका थिए। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँगको 'सेटिङ'मा अनपेक्षित ढंगले उनी मुख्यसचिव बनेका हुन्। राजीनामा दिएर वैरागी घर भने फर्किएनन्। उनलाई तत्कालै मन्त्रीस्तरको राष्ट्रिय सुरक्षा सल्लाहकारको नियुक्ति मात्र गरिएन, मन्त्रिपरिषद् बैठकमै शपथग्रहणसमेत गराइयो। निजामती सेवा ऐनको दफा १९ (२) पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

९ मंसिर २०८२ मंगलबार
25 November 2025 Tuesday

**डरलाग्दा...**
बालविवाह, जबरजस्ती करणी, बालयौन दुराचार र घरेलु हिंसा घटेको छैन । बितेका पाँच वर्षमा महिला बेचबिखन तथा ओसारपसारका मात्र ६ सय ९७ घटना घटेका छन् । २०७७/७८ मा १ सय २२, २०७८/७९ मा १ सय ३६, २०७९/८० मा १ सय ५०, २०८०/८१ मा १ सय ५१ र २०८१/८२ मा १ सय ३८ महिला बेचबिखन र ओसारपसारमा परेको प्रहरीको तथ्यांक छ । यही अवधिमा बहुविवाहका ३ हजार ५ सय ८७ र बालविवाहका ३ सय १ घटना रहेका छन् । बहुविवाह बर्सेनि केही घटेको देखिए पनि अनुसन्धानको दायरामा आएको बालविवाह उस्तै छ । २०७७ देखि बहुविवाह क्रमशः ८ सय ५२, ८ सय ९, ७ सय २३, ६ सय ५३, ५ सय ६८ भएको देखिन्छ भने प्रहरी रेकर्डमा बालविवाहका ८४, ५२, ५२, ५२ र ६१ घटना घटेका छन् ।

त्यस्तै, जबरजस्ती करणीका १२ हजार बढी घटना रहेका छन् । पाँच वर्षको अवधिमा १२ हजार ६१ जबर जस्ती करणीका घटना घटेको प्रहरीको तथ्यांकले देखाएको छ । यसलाई वार्षिक रूपमा हेर्दा २०७७/७८ मा २ हजार ५ सय ३४, २०७८/७९ मा २ हजार ३ सय ८०, २०७९/८० मा २ हजार ३ सय ८७, २०८०/८१ मा २ हजार ५ सय ७ र २०८१/८२ मा २ हजार २ सय ५३ वटा घटना भएका छन् । प्रहरीको पाँच वर्षकै तथ्यांक हेर्दा जबरजस्ती करणी उद्योगका २ हजार ८ सय २७, बालयौन दुरुपयोगका १ हजार ६ सय ५४, यौन दुर्व्यवहारका पाँचवटा घटना रहेका छन् । यो अवधिमा महिलामाथि लागेको बोक्सीको आरोपका घटना २ सय ५ छन् । घरेलु हिंसाका घटना संख्यामा जम्मा पाँचवटा मात्र दर्ता भएको तथ्यांकमा उल्लेख छ ।

प्रहरीको महिलासँग हुने अभद्र व्यवहार, हिंसा, करणी, बेचबिखनलगायतका तथ्यांक हेर्दा घटनाको संख्या घटेजस्तो देखिए पनि समाजमा महिलामाथि हुने अत्याचारका घटनामा कमी नआएको राष्ट्रिय मानवअधिकार आयोगका प्रवक्ता टीकाराम पोखरेल बताउँछन् । उनका अनुसार पछिल्लो समय महिलामाथि हुने हिंसाको स्परूपमा परिवर्तन भएका कारण प्रहरीमा उजुरी कम परेको तर समाजमा घटना भने घटिरहेकै हुन्छन् । 'संख्यात्मक रूपमा महिलामाथिका घटना घटेकै भन्न मिल्दैन । कतिपय घटना घरभित्रै दबाइन्छन् । तथ्यांकमा आउने कुरा भएन । स्वरूपमा परिवर्तन भएको हो,' उनी थप्छन्, 'पहिला कुट्ने, घरबाट निकालिदिनेजस्ता घटना देखिन्थे भने अहिले सेक्सुअल ह्यारासमेन्ट, मनोवैज्ञानिकतवरले, आर्थिक कुरा छन् । सामाजिक रूपमा केही गर्न बाध्य बनाउने त्यस्ता घटना छन् अहिले ।' महिला अधिकारकर्मी अधिवक्ता बिनु लामा पारिवारिक बन्धनमा बाँधिएकी महिला आफ्नो परिवार, बालबच्चाका लागि, सम्बन्धमा दरार नआओस् भन्न आफूमाथि भइरहेको हिंसा सहेर बस्ने गरेको बताउँछिन् । प्रहरीमा घरेलु हिंसाका उजुरी कम पर्नुको मुख्य कारण नै यही भएको उनको विश्लेषण छ । समाजिक रूपमै महिलामाथि पहिलेबाटै दमन भइरहेको र त्यहीअनुसारको मानसिकता विकास भइसकेका कारण पनि सहेर बस्ने गरेको उनी बताउँछिन् । 'महिलाहरूले घरपरिवार सम्हाल्नका लागि सहनुपर्छ भन्ने धारणा बनेको छ । त्यसबाट महिला अझै बाहिर निस्किन सकेका छैनन् । त्यही भएर कतिपय हिंसा साइलेन्स हुन्छन्,' उनी भन्छिन् । यस्ता महिला हिंसा न्यूनीकरण गर्न सामाजिक सोचमा परिवर्तन हुनुपर्नेमा उनले जोड दिइन् । पुरुषमा केन्द्रित शक्ति संरचनामा पनि पुनर्विचार गर्नुपर्ने र सञ्चारमाध्यमले पनि अन्यायविरुद्धमा आवाज उठाए महिला हिंसा अन्त्य दिवसको महत्व बढ्ने उनको भनाइ छ ।

प्रहरी प्रवक्ता डिआइजी अबिनारायण काफ्ले भने वर्तमान समयका महिला आर्थिक रूपमा सक्षम, आत्मनिर्भर र सचेत भएका कारण महिलामाथि हुने हिंसामा कमी आएको बताउँछन् । यसका साथै अपराधीलाई कडाभन्दा कडा सजाय पनि प्रहरीले दिइरहेका कारण हिंसा घटेको बताउँछन् । हिंसा न्यूनीकरणका लागि प्रहरी महानिरीक्षकको नेतृत्वमा अपराध तथा अनुसन्धान विभागअन्तर्गत महिला निर्देशनालयको स्थापना, प्रत्येक जिल्ला तहमा महिला सेलको स्थापना गरेर त्यस्ता मुद्दाको छानबिन, अनुसन्धान भइरहेको प्रवक्ता काफ्लेले बताए । 'स्थानीय तहसँग पनि समन्वय गरेर यस्ता घटनाको गम्भीर रूपमा अध्ययन अनुसन्धान भइरहेको छ,' उनले भने ।

**डिजिटल...**
हिंसा हुन छाडेको छैन । त्यस्तै, विवाह बन्धनमा बाँधिएको ६ महिनामै सम्बन्धविच्छेद गरेकी अर्की गायिका एलिना चौहानले त भनै हरेक सम्बन्धको प्रमाण सामाजिक सञ्जालमा दिनुपर्छ । किनकि उनी वैवाहिक सम्बन्धविच्छेद गरेकी महिला हुन् । उनले पूर्वपति विष्णु सापकोटाले यातना दिएको भन्दै सम्बन्धविच्छेद गरेकी थिइन् । उनले पछिल्लो समय हरेक पल साइबर सिकार हुन पुगेकी छन् । यहाँसम्म कि उनले तिहारमा अर्का गायक प्रताप दाससँग भाइटीका लगाएको प्रमाण देखाउन फेसबुकमार्फत लाइभ गर्न बाध्य भएकी थिइन् ।

यी त घटनामा देखिएका जिउँदा पात्र मात्र हुन् ।

टिकटकर आँचल नाथले सामाजिक सञ्जालमा आएका कमेन्ट, ट्रोल र भिडियोमा आएका नकारात्मक टीकाटिप्पणीका कारण आत्महत्या गरिन् । टिकटकमा १ लाख २० हजार फलोअर्स भएकी २२ वर्षीया नाथले दुई महिना पहिले आत्महत्या गरेकी थिइन् ।

पछिल्लो समयमा साइबर अपराध बढ्दै गएको छ । साइबर ब्युरोमा उजुरी दिनेहरूको संख्या पनि उत्तिकै छ । पछिल्लो तीन वर्षको विद्युतीय कसुर तथा साइबर अपराधका मुद्दा साइबर ब्युरोमा दर्ता भएका तथ्यांक मूल्यांकन गर्ने हो भने साइबर अपराध बढ्दै गएको देखिन्छ । आर्थिक वर्ष २०७९/८० मा १ सय ३३ वटा उजुरी साइबर ब्युरोमा दर्ता भएका छन् । त्यस्तै, आर्थिक वर्ष २०८०/८१ मा २ सय ५५ र आर्थिक वर्ष २०८१/८२ मा २ सय ९१ मुद्दा दर्ता भएका छन् ।

साइबर अपराधका मुद्दा दर्ता मात्रै होइन अभियुक्त पनि पक्राउ पर्नेको संख्या बढ्दै गएको छ । साइबर ब्युरोका अनुसार विद्युतीय कसुर तथा साइबर अपराधमा आर्थिक वर्ष २०७९/८० मा १ सय ७ जना पक्राउ परेका छन् । त्यस्तै, आर्थिक वर्ष २०८०/८१ मा २ सय ३२ र आर्थिक वर्ष २०८१/८२ मा २ सय ८ जना पक्राउ परेका छन् । त्यसमध्ये नौ जना विदेशी पुरुष विद्युतीय कसुर तथा साइबर अपराधमा पक्राउ परेको ब्युरोले जनाएको छ ।

सामाजिक सञ्जाल र अनलाइन प्लेटफर्मको तीव्र विस्तारसँगै नेपालमा डिजिटल हिंसाका घटना तीव्र रूपमा बढिरहेका छन् । साइबर बुलिङ, महिलाको चरित्रमाथि आक्रमण, निजी तस्बिर दुरुपयोग, ब्ल्याक मेलिङदेखि ट्रोलको समेत सिकार भएका छन् ।

साइबर ब्युरोका अनुसार अहिले सबैभन्दा धेरै उजुरी निजी तस्बिर वा भिडियो दुरुपयोगसँग सम्बन्धित छन् । साथी वा परिचित व्यक्तिले विश्वासका आधारमा पठाइएका तस्बिरबाहिर फिँजाएको, ब्ल्याकमेल गरेका, हटाउन दबाब दिएकोजस्ता घटना बढिरहेका छन् ।

सेलिब्रिटी र सार्वजनिक व्यक्तिमाथि ट्रोलिङ नेपाली कलाकार/सार्वजनिक व्यक्तिले अनलाइन घृणाप्रचार, धम्की र आत्मपहिचान हनन् भोगिरहेका छन् । हिंसामा परेका महिलाहरूले आवाज उठाउँदा झनै डिजिटल हिंसामा पर्ने गरेका छन् । डिजिटल युग आउनुभन्दा पहिला महिलाहरू पनि हिंसामा थिए, उनीहरू आवाज उठाउँदा सामाजिक तिरस्कारमा मात्रै पर्ने गरेका थिए । हिजोआज आवाज उठाउने ती महिला डिजिटल हिंसाको सिकारमा परेका छन् । साइबर ब्युरोका प्रवक्ता तथा प्रहरी उपरीक्षक दीपराज अवस्थीले समाजिक सञ्जालमा फेक आइडी बनाएर आपराधिक गतिविधिमा प्रयोग गर्ने गरेको बताए । 'ब्युरोमा उजुरी परेका अधिकांश पीडकले फेक आइडी बनाएर नकारात्मक गतिविधिमा प्रयोग गर्दा पत्ता लाग्दैन भन्ने मासिकता छ,' उनले भने, 'कतिपयले कानुनी कारबाही हुन्छ भन्नेबारेमा पनि जानकारी छैन ।'

मनोविद डा. अर्विन्द भुषालले नकारात्मक मानसिकता भएकै कारणले सामाजिक सञ्जालको दुरुपयोग भएको बताए । 'बेरोजगार छ, खाली समयको सदुयोग हुँदैन नेता तथा सेलिब्रेटीप्रति पूर्वाग्रही भएका कारण नकारात्मक खालका कमेन्ट, ट्रोल बन्ने गरेको छ,' उनले भने ।

विद्युतीय अपराध वा साइबर अपराध कम्प्युटर तथा कम्प्युटर सञ्जाल प्रयोग गरेर हुने जुनसुकै प्रकारका अपराधका रूपमा लिएको छ । नेपालको विद्युतीय कारोबार ऐन- २०६३ ले ' कम्प्युटर, इन्टरनेटलगायतका विद्युतीय सञ्चारमाध्यममा प्रचलित कानुनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्री वा सार्वजनिक नैतिकता, शिष्टाचारविरुद्ध सामग्री प्रकाशन वा प्रदर्शन गर्नेलगायतका कामलाई विद्युतीय कसुर भनी परिभाषा गरेको छ । सामाजिक सञ्जाल दुरुपयोग गर्ने व्यक्तिलाई १ लाख जरिमाना र पाँच वर्षसम्मको जेल सजाय तोकिएको छ । तैपनि सामाजिक सञ्जाललाई नकारात्मक तरिकाले प्रयोग गर्ने प्रवृत्ति नरोकिएको बताउँछन्, अधिवक्ता बाबुराम अर्याल । 'सरकारबाट नै राम्रो अभ्यास हुन सकेको छैन,' उनी भन्छन्, 'त्यसकारण पनि डिजिटल हिंसा बढ्दै गएको देखिन्छ ।'

**बजेट...**
यातायात मन्त्रालय ठेक्का तोड्नुपर्ने अवस्था सिर्जना भएको छ । सोमबार संघीय संसद् राष्ट्रिय सभाअन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री, सहरी विकास, भौतिक तथा यातायात मन्त्रालय सम्हालेका मन्त्री कुलमान घिसिङले बजेट कटौतीले विकास आयोजनको काम रोकिएको बताए । उनले भने, 'जनतासँग जोडिएका योजना कार्यान्वयन गर्न आवश्यक छ । बजेट स्थगनका कारण काम गर्न समस्या भइरहेको छ । बजेट रोक्काका कारण काम सुरु भएका आयोजनासमेत रोकिएको अवस्था छ ।'

यस्तै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सचिव केशवकुमार शर्माले बजेट कटौतीले राष्ट्रिय गौरवका आयोजनामा समेत असर परेको बताए । विनियोजन बजेट एकमुष्ठ रोकिएकाले धेरै आयोजना कार्यान्वयनको गतिमा समस्या परेको उनको भनाइ थियो । उनले भने, ' खर्च कटौतीले सबैभन्दा बढी साना सहायक सडक निर्माणको काम नै ठप्प भएको छ । ३ करोड रुपैयाँभन्दा कमका योजना रोकिने भएकाले राष्ट्रिय राजमार्गकै रकम पनि रोकिएको छ । बजेट रोकिँदा सडक विभागको चार महिनामा नै १० प्रतिशत पुँजीगत खर्च भएको छैन ।'

खर्च कटौटीमा सबैभन्दा बढी सहरी विकास मन्त्रालयको परेको थियो । सहरी विकासको मात्रै ६१ अर्ब ७६ करोड रुपैयाँ बजेट कटौती अर्थ मन्त्रालयले गरेको थियो । सहरी मन्त्रालयको कुल बजेट ९१ अर्ब ३४ करोड रुपैयाँमध्ये अहिलेसम्म ३ अर्ब २२ करोड रुपैयाँ मात्रै खर्च भएको सहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देल बताए । सहरी मन्त्रालयले साढे ३ प्रतिशत मात्र पुँजीगत खर्च गरेको छ ।

चालु आर्थिक वर्षको बजेटमा विनियोजन भएका आयोजनाको बजेट कटौटीले विकास निर्माणको काम नै ठप्प भएको छ । ठेक्का लागेका, बोलपत्र आह्वान भएको आयोजनसमेत रोकिन पुगेका छन् । बजेट कटौटीपछि निमार्णाधीन आयोजना काम गर्ने वा नगर्ने भन्नेमै अन्योल स्थानीय तहसम्म नै बढेको छ । रोकिएका आयोजना फुकुवा नभए यो आर्थिक वर्षको विकास निर्माणका लागि छुट्टयाइएको पुँजीगत खर्च निकै कम हुने देखिन्छ ।

**मलेसियामा...**
अवस्थामा अन्यथा शोषण जारी रहनेछ,' उनले भनेका छन् । उनले मलेसियाले अपनाएको भर्नाको पद्धतिले विदेशी कामदारहरूको शोषण गर्ने व्यावसायिक मोडल अनैतिक रूपमा स्थापित भएको दाबी गरे ।

अमेरिकी विदेश विभागको सन् २०२५ को मानव बेचबिखन प्रतिवेदनमा मलेसियाले आफ्नो टियर २ श्रेणी कायम राखेको सार्वजनिक भएको बेला परेराले सिन्डिकेट वा श्रम बेचबिखनका घटनाहरू गम्भीरतापूर्वक छानबिन नभएको दाबी गरेका छन् ।

मलेसियाले एक वर्षमा ३ लाख बढी विदेशी कामदार घटायो । गत वर्ष अक्टोबरसम्म विदेशी कामदारको संख्या २१ लाख हाराहारीमा थियो । त्यसमा नेपाली कामदारको संख्या चार लाख हाराहारीमा रहेको छ । मलेसियामा नेपाली कामदारको उपस्थिति तेस्रो ठुलो छ । हाल मलेसियामा बंगलादेशका करिब ९ लाख र इन्डोनेसियाका करिब ६ लाख कामदार रहेका छन् । मलेसियाको श्रम कानुनमा हुने सानो परिवर्तनले पनि ठुलो संख्यामा नेपाली प्रभावित हुने गरेका छन् । हाल मलेसियामा आप्रवासी कामदारको वासस्थानबारे विभिन्न कमजोरी देखिएको मलेसियाका सञ्चारमाध्यमले उल्लेख गरेका छन् । मलेसियामा सुत्ने समय नपुगेर हृदयाघात हुने नेपाली कामदारको संख्या बढेको बताइएको छ । निद्रा अपुगका कारण प्रतिरक्षा प्रणालीलाई कमजोर बनाउने, अत्यधिक भिडभाडको अवस्थामा बस्ने कामदार संक्रामक रोगहरूको जोखिममा पर्ने बताइएको छ । अपर्याप्त निद्राको समस्याले मानसिक स्वास्थ्य विकारहरूलाई बढाइ आत्महत्या गर्ने चरणसम्म पुऱ्याउने चिकित्सकहरू बताउँछन् ।

अपर्याप्त निद्राका कारण सतर्कता र एकाग्रता कम हुँदा सडक दुर्घटनामा पर्नेको संख्यासमेत बढेको बताइएको छ । मलेसियाको आप्रवासी कामदार भर्नासम्बन्धी विषयमा भर्ना शुल्क, तलब, वासस्थान, उपचारलगायतका विषयमा तत्कालै समीक्षा हुनुपर्ने त्यहाँका अधिकारकर्मीहरूको भनाइ छ ।

**अब...**
सम्बद्ध सेवा खरिद गर्न वर्तमान आपूर्तिकर्ता कम्पनी आइएन स्मार्ट आइडेन्टिटी फ्रान्स एसएससँग सम्झौता गरेको र सम्झौता अनुसार आगामी तीन साताभित्रै राहदानीको पहिलो किस्ता आउने र क्रमशः थप राहदानी आपूर्ति हुने भएको बताएको छ ।

उक्त व्यवस्थाले राहदानी पुस्तिकाको पर्याप्त मौज्दात सुनिश्चित हुने भन्दै विभागले अन्तरिम व्यवस्थापनका लागि बाध्यात्मक रूपमा केही समयदेखि गरेको राहदानीको उत्पादन कटौती हटाइएको बताएको छ ।

**तोडियो...**
'क'मा ज्येष्ठता र कार्यकुशलताका आधारमा बहालवाला सचिवमध्येबाट एक जना मुख्यसचिव नियुक्त गर्ने व्यवस्था गरिएको छ । तर यसअघि मुख्यसचिव नियुक्ति गर्दा ऐनको दफाभन्दा राजनीतिक पहुँच र कर्मचारीतन्त्रभित्रको सेटिङका आधारमा भएको देखिन्छ । फलस्वरूप बितेको एक दशकमा अधिकांश मुख्यसचिव नियुक्तिमा निरन्तर 'सेटिङ' चलिरह्यो । अवकाश पाउन लागेका मुख्यसचिवले बार्गेनिङ गरेर पद लिने र प्रधानमन्त्रीले चाहेको व्यक्तिलाई नियुक्ति दिलाउन मद्दत गर्ने गरेका छन् । यो प्रवृत्तिले राजनीतिक पहुँच नहुने सचिवहरू काबिल र वरिष्ठ भए पनि पाखा पारिँदै आएका थिए । स्वाभाविक पदोन्नतिमा हुने यस्ता अवरोधले उच्च अधिकारी असन्तुष्ट थिए । पूर्वमुख्य सचिव लिलामणि पौडेल कसैलाई लाभ गराउन नियोजित रूपमा पद छाड्ने गलत अभ्यास रोकिएकोमा सन्तोष व्यक्त गर्छन् । व्यक्तिगत लाभका लागि संस्थागत पद छाड्ने र अर्कोलाई पालो मिच्ने वातावरण बनाउनु दुवै गलत भएको उल्लेख गर्दै उनी भन्छन्, 'कम्तीमा यसपटक त्यस्तो भएन । सकारात्मक मान्नुपर्छ ।' वैकुण्ठलाई मुख्यसचिव बनाउने वैरागी पनि त्यसरी नै सेटिङमा सिंहदरबारको उच्च पदमा पुगेका थिए । वैरागी पनि नियमित अवकाशमा जानुभन्दा ६ दिनअघि मुख्यसचिव बनेका थिए । १५ असोज २०७७ मा उनलाई मुख्यसचिव बनाउन तत्कालीन मुख्यसचिव लोकदर्शन रेग्मीले राजीनामा दिएका थिए । रेग्मीले तीनवर्षे कार्यकाल पूरा गरेको भए त्यतिबेला वरिष्ठताका आधारमा चन्द्रकुमार घिमिरेलाई मुख्यसचिव हुने मौका थियो । बेलायतको राजदूत हुने सर्तमा उनले वैरागीका लागि ठाउँ खाली गरेका थिए । तत्कालीन प्रधानमन्त्री केपी ओलीले वैरागीलाई मुख्यसचिव नियुक्त गरेलगत्तै रेग्मीलाई राजदूत नियुक्त गरे । पछि उनी अमेरिकाका लागि राजदूत नियुक्त भए । घिमिरे पनि बेलायतका लागि राजदूत बने । अन्तरिम सरकारले फिर्ता बोलाएपछि रेग्मी र घिमिरे दुवै राजीनामा दिएर फर्केका छन् ।

२०७३ सालदेखि मुख्यसचिवमा यस्तो 'सेटिङ' सुरु भएको हो । कार्यकाल छँदै तत्कालीन मुख्यसचिव सोमलाल सुवेदीलाई २० फागुन २०७३ मा एसियाली विकास बैंकको सहसचिवस्तरको वैकल्पिक कार्यकारी निर्देशक नियुक्ति गरेर तत्कालीन कांग्रेस-माओवादी सरकारले राजनीतिक पहुँचका आधारमा राजेन्द्रकिशोर क्षेत्रीलाई मुख्यसचिव बनाएको थियो । सो नियुक्तिले कांग्रेसनिकट रेग्मीलाई मुख्यसचिव बन्ने बाटो खोलेको थियो भने शान्तबहादुर श्रेष्ठ र शान्तराज सुवेदीलाई पाखा लगाएको थियो । उमेर हदका कारण चारमहिने कार्यकाल सकेर क्षेत्री सेवा निवृत्त हुनासाथ तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले ४ कात्तिक २०७४ मा रेग्मीलाई मुख्यसचिव बनाए ।

कर्मचारीतन्त्रमा वरिष्ठताको विवाद भने त्योभन्दा पुरानो हो । ७ असोज २०५९ मा वरिष्ठतालाई मिचेर विमल कोइरालालाई मुख्यसचिव नियुक्ति गरिएपछि पालो पर्खिएका श्रीकान्त रेग्मीले राजीनामा दिएका थिए । सरकारको सोमबारको निर्णयले सेटिङमा मुख्यसचिव नियुक्त गर्ने गलत प्रवृत्तिलाई यसपालि ब्रेक लगाइदिएको छ । प्रधानमन्त्री कार्कीको सचिवालय स्रोत भन्छ, 'यसपटक पनि पुरानै प्रवृत्ति दोहोरिने सम्भावना थियो, प्रधानमन्त्रीको अडानले रोकियो ।'


Koshi Province Government
**Ministry of Physical Infrastructure Development**
## Infrastructure Development Directorate
## Infrastructure Development Office, Udayapur
Triyuga, Nepal

## Invitation for Electronic Bids

**Date of Publication: 2082-08-09 (25th November, 2025)**

1. Koshi Province Government, Ministry of Physical Infrastructure Development, Infrastructure Development Directorate, Infrastructure Development Office, Udayapur,Triyuga, Nepal invites bids from eligible bidders for following works:

| S.N | Contract ID | Description and Location of Work | Estimated Amount with VAT& PS | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1 | IDO-UDA-NCB-TRAIL BRIDGE-31-2082/83 | Supply of Fabricated Steel Parts and Transportation up to Roadheads of Sibai Trail Bridge Over Triyuga Khola,Chaudandigadhi-5, Udayapur | NRs.12,54,280.03 | 30,000.00 (2026-04-25) | 3000.00 |
| 2 | IDO-UDA-NCB-ROAD-32-2082/83 | Upgrading of Patne-Bahunitar-Jaruwa-Runche Bhanjyang Road Udayapurgadhi-1, 2 & 3, Udayapur | Two-Envelope Bidding Procedure | 6,40,000.00 (2026-04-25) | 5000.00 |
| 3 | IDO-UDA-NCB-ROAD-33-2082/83 | Construction of Bhorle-Bhimsen Temple-Shiv Temple Road,Udayapur | NRs.19,30,394.45 | 50,000.00 (2026-04-25) | 3000.00 |
| 4 | IDO-UDA-NCB-ROAD-34-2082/83 | Upgrading of Garans-Khasiwas Road, Katari-1, Udayapur | NRs.19,31,082.58 | 50,000.00 (2026-04-25) | 3000.00 |
| 5 | IDO-UDA-NCB-ROAD-35-2082/83 | Upgrading of Rastriya Ma.vi. Bagaha-Pragatishil Tole Marg Road,Triyuga-4, Udayapur | NRs.14,47,144.98 | 35,000.00 (2026-04-25) | 3000.00 |
| 6 | IDO-UDA-NCB-ROAD-36-2082/83 | Upgrading of Madan Bhandari Rajmarg-Khatritar-Dhappre Bhumre Bhardmar Road, Udayapurgadhi-6, Udayapur | NRs.14,46,696.65 | 35,000.00 (2026-04-25) | 3000.00 |
| 7 | IDO-UDA-NCB-ROAD-37-2082/83 | Upgrading of Way to Udayapurgadhi Road, Udayapur | NRs.19,35,404.67 | 50,000.00 (2026-04-25) | 3000.00 |
| 8 | IDO-UDA-NCB-ROAD-38-2082/83 | Upgrading of Gogne Bhanjayang-Malbase Pokhari-Bhadaure Road, Rautamai-4 Udayapur | Two-Envelope Bidding Procedure | 6,40,000.00 (2026-04-25) | 5000.00 |
| 9 | IDO-UDA-NCB-BUILD-39-2082/83 | Construction of Sworgik Marga Somichung Building,Triyuga -13, Udayapur | NRs.24,13,122.72 | 60,000.00 (2026-04-25) | 3000.00 |
| 10 | IDO-UDA-NCB-BUILD-40-2082/83 | Construction of Magar Community Building , Triyuga Municipality-7, Udayapur and Construction of Samudhaik Geeta bhawanko Bhansa Ghar, Triyuga Municipality-7, Udayapur | NRs.19,29,656.05 | 50,000.00 (2026-04-25) | 3000.00 |
| 11 | IDO-UDA-NCB-BUILD-41-2082/83 | Construction of Panchan Satsang Community Building , Triyuga Municipality-10, Karamgachi Udayapur and Construction of Kirat cultural Building,Triyuga Municipality-11, Udayapur | NRs.19,30,156.72 | 50,000.00 (2026-04-25) | 3000.00 |
| 12 | IDO-UDA-NCB-BUILD-42-2082/83 | Construction of Dakni Basghara Community Building,Triyuga Municipality-06, Udayapur and Construction of Nawajyoti Samajik krishi building ,Chaudandigadhi Municipality-3, Udayapur | NRs.19,34,323.46 | 50,000.00 (2026-04-25) | 3000.00 |
| 13 | IDO-UDA-NCB-BUILD-43-2082/83 | Upgrading of Beltar Bayatmintan Kawad Hall, Chaudandigadi, Udayapur and Construction of Incomplet Newar Community Building, Chaudandigadi Municipality-7, Udayapur | NRs.16,41,299.32 | 40,000.00 (2026-04-25) | 3000.00 |

2. Submission and Opening of Bids:

| Last Date of Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | Bidders Should download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Web-site www.bolpatra.gov.np/egp. In e-bidding, |
| 2082-09-11(2025/12/26) | Before 12:00 noon | 2082-09-11(2025/12/26) | 13:00pm | Pre-bid meeting shall be held at the IDO Udayapur office on 2082/08/24 (10th December,2025) at 13:00 hours. |

3. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Pradesh Lekha Ikai Karyalaya,Udayapur | Rastriya Banijya Bank. | Gaighat,Udayapur | 2090100202030000 (Dharauti) | Office Code: 3370111011 |
| Infrastructure Development Office, Udayapur | Rastriya Banijya Bank. | Gaighat,Udayapur | 1000100201010001 (Rajaswa) | 14229 (Revenue) |

4. If the last date of Bid submission and opening falls on a government holiday then the next working day shall be considered at last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).

**Office Chief**

# प्रचण्ड–माधवलाई नेता व्यवस्थापनकै तनाव





कम्युनिस्ट पार्टीमा सही विचार र सही कामको कुरा हो । वरीयता भन्ने कुरा समन्तवादी र पुँजीवादीहरूले ल्याएको कुरा भएकाले त्यसमा धेरै अल्मलिनुहुँदैन

■ **देव गुरुङ**
**नेता, नेकपा**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ८ मंसिर

करिब दर्जन दलबीच एकतापछि बनेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा)मा समाहित हुनेको संख्या अझै बढ्दो छ । आगामी मंसिर ११ गते राजेन्द्र श्रेष्ठ नेतृत्वको जनता समाजवादी पार्टी नेकपामा समाहित हुँदै छ । श्रेष्ठले केही समयअघि उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल फुटाएर जसपा गठन गरेका थिए ।

यसअघि प्रचण्ड नेतृत्वको नेकपा (माओवादी केन्द्र), माधवकुमार नेतृत्वको नेकपा (एकीकृत समाजवादी), महेन्द्रराय यादव नेतृत्वको नेपाल समाजवादी पार्टी, सुवासराज काफ्ले नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, राजु कार्की नेतृत्वको नेकपा (समाजवादी), चिरन पुन नेतृत्वको नेकपा, कर्णजित बुढाथोकी नेतृत्वको नेकपा (माओवादी समाजवादी), प्रेमबहादुर सिंह नेतृत्वको नेकपा (समाजवादी)सहितका दल मिलेर कात्तिक १९ गते नेपाली कम्युनिस्ट पार्टी घोषणा गरिसकेका छन् ।

त्यसपश्चात् कात्तिक २६ मा डा. भीम रावल नेतृत्वको मातृभूमि जागरण अभियान र प्रमोदनारायण यादव महासचिव रहेको नेपाल कम्युनिस्ट पार्टी श्रमजीवी पार्टी पनि नेकपामा समाहित भयो । रावल र यादवसहितको पार्टी एवं समूह नेकपामा मिलेपछि एकीकृत हुने दलको संख्या १२ पुगेको छ । अझै राजेन्द्र श्रेष्ठ नेतृत्वका जसपासमेत मिलेपछि नेपालकै इतिहासमा सबैभन्दा बढी दल मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी हुनेछ । यसको जस तत्कालीन नेकपा माओवादी केन्द्रका अध्यक्षलाई जानेछ । तर पार्टी एकतासँगै पुनः विभाजनको त्रास पनि उत्तिकै देखिएको छ । पार्टीमा नेता व्यवस्थापनको तनावले नेतृत्वमाथि दबाब बढेको देखिन्छ ।

कात्तिक १९ मा काठमाडौंको भृकुटीमण्डपमा भएको 'एकता महाधिवेशन'ले पार्टी संयोजकमा पुष्पकमल दाहाल (प्रचण्ड) र सहसंयोजकमा माधवकुमार नेपाललाई चयन गरेको छ । पार्टी एकताअघि दाहाल माओवादीका संयोजक र नेपाल एकीकृत समाजवादीका अध्यक्ष थिए । यी दुई नेतापछि वरीयतामा झलनाथ खनाल, वामदेव गौतम, नारायणकाजी श्रेष्ठ र भीम रावललाई राखिएको छ । त्यसभन्दा पछिका पनि थुप्रै सिनियर नेताहरूले आफ्नो जिम्मेवारी पाएका छैनन् । एकता प्रक्रियामा सहभागी नेकपा एकीकृत समाजवादी र नेकपा माओवादी केन्द्रका कतिपय नेता वरीयताकै विवादमा फसेका छन् । तर पार्टीले त्यसलाई आन्तरिक रूपमै मिलाउने प्रयास गरिरहेको छ । कम्युनिस्टबीचको एकताले मुलुकमा ठुलो सन्देश दिएको भन्दै मिल्न नपाउँदै पार्टीमा विवादले गर्दा फेरि नकारात्मक सन्देश जाने कतिपय नेताहरूको बुझाइ छ ।

पार्टीको निर्णयअनुसार नेता व्यवस्थापन गरेर जाने कुरामा अहिले ठुलो समस्या नभएको नेपाली कम्युनिस्ट पार्टीका नेता देवप्रसाद गरुङले बताए । नेता व्यवस्थापनको विषयमा पार्टीले निर्णय गरेर गइसकेको र आगामी महाधिवेशनबाट सबैले आ-आफ्नो कामअनुसारको जिम्मेवारी प्राप्त गर्ने उनको भनाइ छ ।

पार्टीले निर्णय गरेअनुसार आगामी ६ महिनामा पार्टीको महाधिवेशन हुने गरुङको दाबी छ । 'कम्युनिस्ट पार्टीमा सही विचार र सही कामको कुरा हो । वरीयता भन्ने कुरा समन्तवादी र पुँजीवादीहरूले ल्याएको कुरा भएकाले त्यसमा धेरै अल्मलिनुहुँदैन ।' कम्युनिस्ट पार्टीमा सही विचार र सही कामलाई प्राथमिकता दिइने उनले बताए । यद्यपि नेपालका कम्युनिस्ट पार्टीको अहिलेसम्मका इतिहास हेर्दा वरीयता व्यवस्थापनकै कुरा नमिल्दा फुटको शृंखला चलिरहेको देखिन्छ । विगतका फुट र तिक्तताबाटै सिकेर पुनर्मिलनको लहर चलेको नेता गरुङको भनाइ छ ।

आगामी ६ महिनाभित्र महाधिवेशन गर्ने तय भएको यो पार्टीमा करिब १ हजार केन्द्रीय सदस्य रहनेछन् । एकतापछि माओवादीले 'माओवाद', चुनाव चिह्न 'गोलाकारभित्र हँसिया हथौडा' र समाजवादीले चुनाव चिह्न 'कलम' छाडेका छन् । नवगठित पार्टीको चुनाव चिह्न सुभाषराज काफ्लेले निर्वाचन आयोगमा दर्ता गरिसकेको जनसमाजवादी पार्टीको 'पाँच कुनेतारा' लिइएको छ ।

पार्टीको नाम र चुनाव चिह्न छाडेपछि माओवादी र नेकपा एसका असन्तुष्ट पक्षका नेताहरू पार्टी समायोजनमा नगई पार्टी पुनर्गठन र नयाँ दल बनाउने अभियानमा लागेका छन् । समायोजनमा गएका वामदेव गौतम, झलनाथ खनाल र भीम रावललगायत नेता वरीयता क्रमका सन्दर्भमा सन्तुष्ट छैनन् । खनाल र गौतमले पार्टीमा जिम्मेवारी खोजे पनि उनीहरूले पाएका छैनन् । तर रावललाई भने सुदूरपश्चिमको कमान्डको जिम्मेवारी प्रदान गरिएको छ । मंसिर १२ मा हुने सुप प्रदेशस्तरीय पार्टी एकता घोषणा सभाको नेतृत्व रावलले गर्नेछन् । नेकपा एसबाट आएका नेताहरूलाई माथिल्लो जिम्मेवारी दिँदा माओवादी पृष्ठभूमिका नेताहरू पनि खुसी छैनन् । माओवादीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ पार्टी एकतापछि पाँचौं वरीयतामा पुगेका छन् । पार्टी एकताका नाममा बुढा नेताहरूलाई जम्मा पारेर जिम्मेवारी दिँदा सांगठनिक गतिविधिमा प्रभावकारिता नहुने नेताहरूले बताएका छन् । पार्टी एकतामा गएका नेताहरू डा. वेदुराम भुसाल, महेन्द्रराय यादव, प्रेमबहादुर सिंह, राजु कार्की, चिरन पुन, कर्णजित बुढाथोकीलगायतका नेतासमेत प्राप्त जिम्मेवारीप्रति पूर्ण सन्तुष्ट छैनन् । आफ्नो पार्टीको नेतृत्व तहमा रहेका उनीहरू पार्टी समायोजनपछि वरीयता क्रममा निकै तल छन् । तर पार्टीको महाधिवेशनपछि सबै नेता जिम्मेवारी र कामको बाँडफाँटको समस्या समाधान हुने नेपाली कम्युनिस्ट पार्टी महाधिवेशन आयोजक समितिका एक सदस्य जगन्नाथ खतिवडाले बताए ।

## हिंसा घटाउन साइबर कानुन आवश्यक



**काठमाडौं/मस–** सञ्चार तथा सुचना प्रविधि मन्त्रालयका निमित्त सचिव उदयबहादुर रानामगरले नेपालमा महिलामाथि डिजिटल हिंसा बढ्दै गएकोमा सरकार चिन्तित रहेको बताएका छन् । महिला हिंसाको १६ दिने अभियान सुरु हुनुभन्दा एक दिन अघि महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) र सञ्चारिका समूहले सोमबार आयोजना गरेको नेपालमा महिलामाथि बढ्दै गएको डिजिट हिंसासम्बन्धी अन्तरक्रिया कार्यक्रममा सचिव रानामगरले भने, 'नेपालमा साइबर कानुन बनाउन अब ढिला गर्नु हुँदैन ।'

नेपालमा साक्षरता बढेसँगै डिजिटल हिंसा बढेको तथ्यांक प्रस्तुत गर्दै सचिव रानामगरले भने, 'आर्थिक वर्ष २०७५-०७६ मा बालबालिकाविरुद्ध १० वटा र महिलाविरुद्ध १९४ वटा डिजिटल हिंसाको उजुरी प्रहरीमा परेको थियो, त्यो संख्या बढेर ०८१-०८२ मा बालबालिकाविरुद्ध ४ सय २१ र महिलाविरुद्ध झन्डै ८ हजार उजुरी प्रहरीमा दर्ता भएको छ । यो एकदमै चिन्ताको विषय हो ।' सामाजिक सञ्जाल नियमनको कानुनसमेत आवश्यक रहेको सचिव रानामगरले बताए । अहिलेको विषम परिस्थिति भएकाले यो विषय सान्दर्भिक नहोला, तर सामाजिक नियमनको पहुँच राज्यले राख्न अत्यन्त जरुरी भइसकेको सचिव रानाको भनाइ थियो । डिजिटल साक्षरता पाठ्यक्रममा राख्नुपर्ने विषयमा जोड उनले भने, 'विश्वका ३८ प्रतिशत महिला डिजिटल हिंसाको शिकार हुने गरेकाले यसलाई घटाउने उपाय सोच्नुपर्छ ।' कार्यक्रममा साइबर क्राइम ब्यूरोकी प्रहरी निरीक्षक दीपा भट्टराईले २०८१ मा ९ हजार साइबर क्राइमका उजुरी दर्ता भएको जानकारी दिइन् । साइबर क्राइमबारे देशको वर्तमान अवस्था चित्रण गर्दै भट्टराईले यो तथ्यांकमा ५० प्रतिशत महिलाविरुद्ध भएका हिंसा जोडिएको बताइन् । डिजिटल क्राइममा पुरुषहरु आर्थिक अपचलनसँग जोडिएका हुन्छन् भने बाँकी महिला र बालबालिकाविरुद्ध भएका हिंसा रहेको प्रहरी निरीक्षक भट्टराईले बताइन् ।

किशोरीविरुद्ध समाजमा कस्ता-कस्ता घटना हुन्छन् भन्ने उदाहरण प्रस्तुत गर्दै निरीक्षक भट्टराईले भनिन्, 'यस्ता घटनामा ब्लाकमेलिङ, यौन र बद्लाबाट प्रेरित हुने भएकाले डिजिटल हिंसा मानसिक स्वास्थ्यसँग जोडिन्छ । विश्वास र मायाको नाममा हुने यस्ता घटनाबाट अभिभावक पनि सचेत रहनुपर्छ ।' कार्यक्रममा पूर्व मिस नेपाल तथा सञ्चारकर्मी माल्भिका सुब्बाले डिजिटल हिंसामा आफू पीडित हुनुपरेको अनुभव सुनाइन् । सन् २००७ बाट सामाजिक सञ्जालमा आफू जोडिएको र आफूविरुद्ध हिंसा हुँदासमेत रिर्पोटिङ गर्न नसकिएको सुब्बाले बताइन् । यस्ता घटनाबाट अभिभावक सचेत रहनुपर्ने, सामाजिक सञ्जालमा हिंसा भयो भनियो भने थप हिंसा हुने गरेको उदाहरण उनले दिएकी थिइन् ।

## रुकुमपूर्व हुँदै दाङ, सल्यान–डोल्पा जाने मुख्य मार्ग सुचारु

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, ८ मंसिर

मध्यपहाडी लोकमार्गको मुख्य भाग मानिने रुकुमपूर्व-रुकुमपश्चिमलाई जोड्ने रानीकोट-किटिनी सडकखण्ड करिब एक महिनापछि सोमबारबाट पूर्ण रूपमा सञ्चालनमा आएको छ । यो खण्ड कात्तिक १२ गतेदेखि मर्मतका लागि बन्द गरिएको थियो । रुकुम पश्चिमका प्रमुख जिल्ला अधिकारी दिनेशप्रसाद थानीका अनुसार मुसिकोट नगरपालिका-८ किटिनी र रुकुमपूर्वको सिस्ने गाउँपालिका-६ रानीकोटका दुई जोखिमयुक्त स्थानमा ढलान कार्य सम्पन्न भएपछि सडक सुचारु गरिएको हो । किटिनीमा २ सय ६० मिटर ढलान गरिएको छ । 'थप कटिङ गर्न सम्भव नभएपछि विकल्पस्वरूप ढलान विधि अपनाइएको हो,' थानीले भने । किटिनीको भीरालो र जोखिमपूर्ण सडक वर्षौंदेखि समस्या मानिँदै आएको थियो । यसैगरी स्थानीयले 'अति जोखिमयुक्त मोड' भनेर चिन्ने रानीकोट खण्डमा पनि ढलान पूरा गरिएको छ । रुकुमपूर्वकी प्रमुख जिल्ला अधिकारी सीता परियारका अनुसार ढलानपछि सडक सुरक्षित र स्थिर बनेको छ । 'अधिकांश भाग कालोपत्रे भइसकेको छ, बाँकी भाग पनि चरणबद्ध रूपमा कालोपत्रे हुँदैछ । अब यात्रु तथा मालसामान ढुवानी दुवै सहज हुनेछन्,' परियारले भनिन् ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०६/२८ मा दर्ता भएको **प्रा. लि. नं. २४५२५५** को **दिगो वेस्ट म्यानेजमेन्ट सोलुसन प्रा. लि.** को मिति २०८२/०४/१० गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**Shey-Phoksundo Rural Municipality**
**Office of Rural Municipal Executive**
**Saldang, Dolpa**
**Karnali Province, Nepal**

**Invitation For Electronics Bids**

**Date of Publication: 25 November 2025 AD (2082-08-09 BS)**

1. Shey-Phoksundo Rural municipality invites electronic bids from the eligible bidders for construction of the following works under National Competitive Bidding (NCB) Bidding procedure.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Shey Phoksundo Rural Municipality, Office of the Rural Municipal Executive, Saldang, Dolpa or Visit e-GP portal of PPMO, Website: www.bolpatra.gov.np/egp

| S.N | Contract ID | Description of Works | Estimated Amount (NRs.) | Price of BID Document (NRs.) | BID Security Amount (NRs.) | Bid Submission Deadline | Bid Opening Deadline and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | SPRM/NCB/DOP/ WORKS/ 2082-83-06 | Suyagu Dolmung irrigation Yojana, SPRM-Ward No. 04, | १,०३,४४,०८०.८० (Inclusive of VAT and Contingencies) | ३,००० | ३,००,००० | 26-12-2025 AD (2082-09-11 BS). 10:00 AM | 26-12-2025 AD (2082-09-11 BS). 11:00 AM |
| 2 | SPRM/NCB/DOP/ WORKS/2082-83-07 | Sheri dugdra AA.bi. Chhatrabas nirman wada. No. 3 | २५,६२,७९५.९९ (Inclusive of VAT and Contingencies) | ३,००० | ७०,००० | | |
| 3 | SPRM/NCB/DOP/ WORK/2082-83-08 | Lakxit Wargaka Samudayakaa Laagi Ek Ghar Ek Sauchalaya Nirman Ward No. 01 | ४१,९४,९४३.४३ (Inclusive of VAT and Contingencies) | ३,००० | १,१०,००० | | |

3. Office Account Detail:

| | |
|---|---|
| Name of the Bank : Prabhu Bank Ltd. Shephoksundo Branch, Dolpa. | Office Code No : 53-366-12 |
| For Price of Bid Document | Account No :- 1650133537700071 (GA-1-1 ANTARIK RAJASHWO KHATA) |
| For Bid Security : | Account No :- 1650133537700041 (GA-3-1 STHANIYA TATHA DHARAUTI KHATA) |

4. If the last date of purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Bid Validity Period: 90 days from Bid Submission due date & Bid Security Validity Period: Minimum 30 days beyond Bid Validity Period.
6. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 (With latest amendment) Public Procurement Regulations, 2064 (With latest amendment) and other prevailing Rules and Regulations of Nepal.

Chief Administrative Officer

मध्यान्ह
www.madhyanhadaily.com
९ मंसिर २०८२ मंगलबार
25 November 2025 Tuesday

## सम्पादकीय

# हिंसाविरुद्ध हातेमालो गरौं

आजदेखि महिला हिंसाविरूद्धको १६ दिने अभियान सुरू हुँदै छ। तर बर्सेनि दोहोरिने अभियानका नारा जति बढेका छन्, व्यवहारमा महिलामाथिको पीडा त्यति कम भएको देखिँदैन। घरभित्रका कुटपिटदेखि अनलाइन ट्रोलिङसम्म, प्रेम सम्बन्धका विवाददेखि बालिकामाथिको जबरजस्ती करणीसम्म हिंसाका रूप फेरिए पनि महिलाविरूद्ध हिंसा उस्तै छ। प्रहरीको पछिल्लो पाँच वर्षका तथ्यांक हेर्दा महिला बेचबिखनका ६ सय ९७, बहुविवाहका ३ हजार ५ सय ८७, बालविवाहका ३ सय १ र जबरजस्ती करणीका १२ हजार ६१ घटना दर्ता भएको देखिन्छ। झट्ट हेर्दा केही अपराध घटेजस्तो देखिए पनि वास्तविकता तथ्यांकमा मात्र सीमित छैन। महिला हिंसासम्बन्धी धेरै घटना घरभित्रै लुक्ने गरेका छन्। यौन हिंसाजस्ता जघन्य मानवअधिकार उल्लंघनका घटनासमेत आपसमा मिलापत्र गराउने गलत अभ्यास भइरहेका छन्। सोही कारण हिंसाका धेरै घटना उजुरीकै तहमा पनि पुगेका हुँदैनन्। प्रहरीमा पुगेका अपराधमा पनि बयान बदल्ने र अभियुक्तलाई उन्मुक्ति दिने प्रवृत्ति देखिन्छ।

प्रविधिको विकाससँगै अपराधका तरिका पनि फेरिएका छन्। पछिल्लो समय डिजिटल हिंसाबाट पीडित हुने महिलाको संख्या बढेको छ। अनलाइन चरित्रहत्या, धम्की, निजी तस्बिर दुरूपयोगजस्ता घटना बढिरहेका छन्। साधारण महिलादेखि सेलिब्रिटीसम्म अनलाइन ट्रोलिङकै कारण मानसिक तनावमा पर्नेदेखि आत्महत्या गर्नुपर्ने अवस्थासम्म पुग्नु गम्भीर छ। साइबर ब्युरोमा दर्ता हुने उजुरी र अदालत पुग्ने मुद्दा बर्सेनि बढ्दै जानुले डिजिटल अपराधको जोखिम भयावह देखाउँछ।

पारिवारिक बन्धन, आर्थिक निर्भरता र सामाजिक डरले धेरै महिलाले हिंसा सहेरै बस्न बाध्य भइरहेको अध्ययनले देखाउँछ। अर्कोतर्फ पुरूषप्रधान सामाजिक संरचनाले पीडकको व्यवहारलाई सामान्य गल्ती मानिरहेको छ। राज्यका निकायले महिलाको आर्थिक सशक्तीकरण र कानुनी व्यवस्थाका कारण महिला हिंसामा केही सुधार ल्याएको दाबी गरे पनि पत्यारलाग्दो आधार भने देखिँदैन। महिला हिंसाविरूद्ध १६ दिने अभियान सामाजिक चेतना अभिवृद्धि गराउने एउटा अवसर पनि हो। तर चेतना कागजी नारा र सरकारी औपचारिकताले मात्र आउँदैन। हिंसा रोक्न कानुनको प्रभावकारी कार्यान्वयन, साइबर अपराध नियन्त्रणका कडाइ, पीडितमैत्री सहयोग र सबैभन्दा महत्वपूर्ण–सामाजिक सोचको रूपान्तरण आवश्यक छ। किनभने महिलामाथिको हिंसा कुनै पारिवारिक वा निजी विषय होइन, गम्भीर अपराध हो। राज्य, समाज र हरेक नागरिकले यो सन्देश आत्मसात् गर्न सके मात्र महिला हिंसा घट्नेछ।

# सत्ता होइन, संरचनाको पुनर्निर्माण

*लोकतन्त्रको आत्मा चुनाव हो भन्ने सत्यलाई कसैले नकार्न सक्दैन तर इतिहासले देखाउँछ- अस्थिर मनोविज्ञान र कमजोर संस्थाहरूबीच गरिने चुनावले व्यवस्था बलियो बनाउँदैन, उल्टै संकटलाई संस्थागत गर्छ।*

**अग्रलेख**



● चन्द्रबहादुर बस्याल

नेपाल अहिले एउटा सामान्य राजनीतिक उतार-चढावको क्षणबाट गुज्रिरहेको छैन। यो समय देशको संवैधानिक आत्मविश्वास, शासन संरचना र नागरिक-राज्य सम्बन्धकै पुनःपरिभाषा हुँदै गरेको कठिन मोड हो। पछिल्ला महिनाहरूमा भएका घटना संसद्को अनवरत विघटन, सरकारहरू नटिक्ने अवस्थाको निरन्तरता, प्रधानमन्त्रीमाथि उठेका नैतिक र कानुनी प्रश्न र विशेषगरी भदौ २३-२४ मा उदाएकी युवा पुस्ताको तिक्त आक्रोश सबैले एउटै सन्देश दिन्छन्- राज्यले अब नागरिकको विश्वासको धरातल गुमाउन थालेको छ। राजनीतिक शक्ति केवल पद परिवर्तनको खेल रहँदैन, नागरिकले नै 'कसका लागि राज्य ?' भनेर प्रश्न गर्न थालेपछि राज्यको आधारभूत वैधता नै हल्लिन थाल्छ।

नेपाल अहिले त्यही मोडमा उभिएको छ, जहाँ संविधान कागजमा त छ तर संस्थाहरूको व्यवहारगत जीवन्तता कमजोर हुँदै गएको छ। कतिपय अवस्थामा प्रहरी, सेना, प्रशासन र न्याय प्रणालीका शाखाहरू अस्तव्यस्त मनोविज्ञान र राजनीतिक प्रभावमा झनझन जाँदै छन्। यसरी कानुनी संरचना जीवित भए पनि कार्यगत वैधता कमजोर हुँदा व्यवस्था नै पक्षाघातग्रस्त जस्तै देखिन थाल्छ।

यस्तो परिस्थितिमा उठेको 'तत्काल चुनाव'को मागलाई सतही रूपमा हेर्न मिल्दैन। वास्तविक प्रश्न- के अहिले चुनाव सम्भव छ त ? यो प्रश्न मात्र प्राविधिक छैन, यो नैतिक, सुरक्षा, आर्थिक र अन्तर्राष्ट्रिय सन्दर्भको बहुआयामिक छ।

फागुन २१ मा चुनाव गर्ने कुरालाई धेरैले राजनीतिक शाहसको अभिव्यक्ति ठान्लान् तर व्यावहारिकता भने बिलकुलै विपरीत दिशामा उभिएको छ। लोकतन्त्रको आत्मा चुनाव हो भन्ने सत्यलाई कसैले नकार्न सक्दैन तर इतिहासले देखाउँछ- अस्थिर मनोविज्ञान र कमजोर संस्थाहरूका बिच गरिने चुनावले व्यवस्था बलियो बनाउँदैन, उल्टै संकटलाई संस्थागत गर्छ।

स्पेनले सन् १९७० को दशकमा फ्रान्सिस्को फ्रान्कोको शासन पतनपछि मुलुक निकै ठुलो संक्रमणमा फस्यो। न चुनाव गराउने परिस्थिति न अर्को विकल्पमा जाने अवस्था। त्यसैले उनीहरूले 'पुनर्निर्माण र विश्वास निर्माण'लाई पहिलो प्राथमिकता दिएर, विस्तृत कानुनी तयारीपछि मात्र निर्वाचन गरे, जसले आधुनिक स्पेनको लोकतान्त्रिक आधार बनायो। नेपाल अहिले यस्तै एउटा 'पूर्वतयारी'को समय मागिरहेको अवस्थामा छ।

हामीकहाँ पनि संवैधानिक विवादहरू क्रमशः जटिल हुँदै गएका छन्- संसद् विघटन असंवैधानिक थियो कि संवैधानिक, राष्ट्रपति संस्थाको भूमिकाले सीमा नाघ्यो कि नाघेन, प्रधानमन्त्रीको नैतिक जिम्मेवारी कति बाँकी छ, यी प्रश्नहरूको स्पष्ट उत्तरबिना चुनावको घोषणा गर्नु भनेको अर्धनिर्मित घरको छानामाथि भारी ढुंगा राखेजस्तै हो।

त्यसैगरी, भदौ २३-२४ को घटनामा परेका युवाहरूको मृत्यु राज्यको नैतिकतामाथिको ठुलो दाग बनेको छ। एउटा लोकतान्त्रिक देशले चुनाव गर्नुअघि न्यायको अवस्था सुनिश्चित गर्नै पर्छ। दण्डहीनता कायम भइरहँदा हुने चुनावले जनताको आँखामा व्यवस्थालाई झनै अविश्वसनीय बनाउँछ। दक्षिण अफ्रिकाले रंगभेद अन्त्यपछि चुनावको तयारी गर्नुअघि सत्य-माफी आयोग गठन गरेको थियो, जसले समाजको पीडा-न्यायको सम्बन्ध पुनर्स्थापित गर्‍यो। नेपाललाई पनि आज त्यस्तै गम्भीर आत्मसमीक्षा र सत्य अन्वेषण आवश्यक छ।

अर्को गम्भीर प्रश्न सुरक्षा संयन्त्रको मनोबल हो। जब सुरक्षा निकाय नै विभाजित, अनिश्चित र राजनीतिक आदेशप्रति शंका लिएर बसिरहन्छ, तब निष्पक्ष निर्वाचन केवल आदर्शिक वाक्य मात्र बन्छ। निर्वाचन शान्त




वातावरण, मनोवैज्ञानिक स्पष्टता र 'तटस्थ राज्य संरचना'को आधारमा मात्र निष्पक्ष हुन सक्छ।

आर्थिक सन्दर्भ पनि कम महत्वपूर्ण छैन। अहिले नेपाल उच्च मुद्रास्फीति, बेरोजगारी र राजस्व संकटको त्रिविध समस्यामा डुबिरहेको छ। यति ठुलो अर्थतान्त्रिक दबाबका बिच निर्वाचनका लागि ४०-५० अर्ब खर्च गर्नु भनेको अस्पतालमा सलाइन लगाइरहेको बिरामीलाई खाना मात्र खर्च गर्ने ठुला भोज आयोजना गरेजस्तै हो। सुरुमा जीवन रक्षण, त्यसपछि उत्सव-अर्थनीति पनि यही सिद्धान्तमा चल्नुपर्छ।

यस्तै परिप्रेक्ष्यमा, २०८३ मंसिरमा चुनाव गर्ने प्रस्ताव केवल चुनाव सार्ने माग होइन, संक्रमणलाई व्यवस्थित, न्यायिक, संस्थागत र अन्तर्राष्ट्रिय स्वीकृत बनाउने 'समय' माग हो।

यस अवधिमा तीन वटा ठुला कार्यहरू गर्न सकिन्छ। पहिलो-भदौ २३-२४ लगायतका घटनाहरूमा निष्पक्ष छानबिन सकिनेछ, जसले राज्यलाई नैतिक जगमा पुनः उभिन मद्दत गर्छ। दोस्रो- संविधान पुनरावलोकनको गम्भीर प्रक्रिया सुरु गर्न सकिन्छ किनकि अहिलेको संविधानले दियो भनेका धेरै अधिकार व्यवहारमा अस्पष्टता र शक्तिको दुरुपयोगलाई रोक्न सकेन। तेस्रो- सुरक्षा संयन्त्र, निर्वाचन आयोग र प्रशासनलाई तटस्थ, व्यवस्थित र विश्वसनीय बनाउने परिपक्व समय मिल्छ।

संविधान पुनरावलोकनको माग केवल राजनीतिक माग होइन, यो सामाजिक संरचनाको माग बनिसकेको छ। युवापुस्ताको विद्रोह केवल राजनीतिक दलप्रति विद्रोह होइन, यो व्यवस्थाको संरचनात्मक क्षतिप्रति आक्रोश हो। संविधानले धेरै अधिकार दियो तर कुनै अधिकारले व्यावहारिक परिणाम दिएनन् भन्ने अध्ययनहरूले पनि भन्छन्।

विश्वका धेरै देशहरूले पुनरावलोकनको बाटो अपनाएका छन्, सबैले आफ्ना राजनीतिक संक्रमणका कठिन क्षणहरूमा 'संविधानको पुनर्जीवन' मार्ग रोजेका छन्। नेपाललाई पनि अहिले त्यही बाटोले स्थिरता दिन सक्छ।

यसका लागि सर्वपक्षीय अन्तरिम सरकारको आवश्यकता स्वाभाविक रूपमा आउँछ। यो सरकार सत्ता कब्जाका लागि होइन- सत्ता निष्पक्ष बनाउने, राज्यलाई पुनर्संरचना गर्ने र आगामी निर्वाचनलाई विश्वसनीय बनाउन 'पुल'जस्तो काम गर्ने हो। अन्तरिम सरकारले संवैधानिक संशोधनका आधार तयार पार्ने, न्यायिक छानबिनलाई स्वायत्त गर्ने, निर्वाचन आयोगलाई पूर्ण स्वतन्त्रता दिने, सुरक्षा संयन्त्रलाई तटस्थ पार्ने र नागरिक स्वतन्त्रता संरक्षण गर्ने निश्चित दायित्व पाउँछ।

*भारत, चीन र अमेरिकाबीच बढ्दो प्रतिस्पर्धाले नेपाललाई रणनीतिक दबाबको केन्द्रमा राखिरहेको छ। यस्तो वातावरणमा कूटनीतिक स्वायत्तता, ऊर्जा-पानी-साइबर सुरक्षाका आधारभूत प्रावधानहरू संविधानमै स्पष्ट हुनै पर्छ।*

तर राजनीतिक स्थिरता केवल संरचना र कानुनले मात्र आउँदैन, आर्थिक न्याय र सामाजिक समानताले पनि ल्याउँछ। नेपालमा अधिकारहरूको सूची त लामो छ तर व्यवहारमा असमानता झनै चर्कियो, धनी झनै धनी, तलबधारी झनै थिचिएका, गाउँले झनै पराजित। यस्तो विषमता रहँदा संविधानमा लेखिएका सुन्दर शब्दहरू कागजमै सीमित रहन्छन्। भविष्यको सुधारले भूमिसुधार, उत्पादनमुखी कृषि, प्रगतिशील कर, विज्ञान-प्रविधि आधारित अर्थतन्त्र र शिक्षा-स्वास्थ्यलाई जनअधिकार होइन, 'राज्यको अनुशासन' बनाउने दिशामा अघि बढ्नुपर्छ। अनुकूल नीति नअपनाउँदा श्रीलंका कसरी आर्थिक खतरामा पुग्यो भन्ने उदाहरणले नेपाललाई सचेत गराइरहेको छ, अर्थनीति र शासन, दुवैमा सुविचार आवश्यक छ।

नेपालको भूराजनीतिक स्थिति पनि संवैधानिक पुनर्निर्माणसँग जोडिनै पर्ने विषय हो। भारत, चीन र अमेरिकाबीच बढ्दो प्रतिस्पर्धाले नेपाललाई रणनीतिक दबाबको केन्द्रमा राखिरहेको छ। यस्तो वातावरणमा कूटनीतिक स्वायत्तता, ऊर्जा-पानी-साइबर सुरक्षाका आधारभूत प्रावधान संविधानमै स्पष्ट हुनै पर्छ। नेपालले इतिहासमा धेरै राजनीतिक रूपान्तरण भोग्यो तर रूपान्तरणले चरित्र र संस्कार बदलिदिएन।

अब आवश्यक रूपान्तरण राजनीतिक होइन नैतिक, संवैधानिक र संरचनागत हो। यही कारण २०८२ मंसिरमा हुने चुनावलाई 'नयाँ युगको प्रवेशद्वार' बनाउन सर्वपक्षीय संक्रमण, संविधान पुनरावलोकन र न्यायिक शुद्धीकरण अपरिहार्य छ।

## इतिहासमा आज

२५ नोभेम्बर २००९ मा हज यात्राको क्रममा साउदी अरेबियाको जेद्दा सहरमा अनौठो गरी भारी वर्षा भयो। जुन वर्षापछि आएको बाढीले ३ हजार कार बगायो भने झन्डै जनाको मृत्यु भयो।



२५ नोभेम्बर २००८ मा चक्रवात निशाले उत्तरी श्रीलंकामा ठुलो क्षति बनायो। जसमा परि १५ जनाको मृत्यु भयो भने झन्डै १ लाख नागरिक विस्थापित भए।



२५ नोभेम्बर २००० मा ७.० रेक्टर स्केलको भूकम्पले अजरबैजानको बाकुमा २६ जनाको मृत्यु भयो भने अर्बौंको भौतिक संरचना ध्वस्त बन्यो। यो भूकम्प अजरबैजानको इतिहासमा डेढ सय वर्षयताकै ठुलो थियो।



२५ नोभेम्बर १९८७ मा २६५ किलोमिटर प्रतिघण्टाको गतिमा आएको आँधी निनाले फिलिपिन्समा ठुलो क्षति बनायो। आँधीमा परी १ हजार ३६ जनाको मृत्यु भयो भने अर्बौंको भौतिक संरचना नष्ट भयो।



# धर्म र मूर्खताको सहअस्तित्व

**विचार**



● सत्यजीत

*धर्म र मूर्खताको सहनिर्भरता मानव इतिहासको सबैभन्दा दुःखद तर सबैभन्दा स्पष्ट सत्य हो। जन्मदेखि नै आरोपित भय, दोषबोध र परलोकको लोभले मानिसलाई प्रश्नविहीन समर्पणतिर धकेल्छ।*

मानव सभ्यताको विकास इतिहासले देखाउँछ- मानिस जन्मँदा कुनै धर्म लिएर जन्मिँदैन, न कुनै देवतामा विश्वास लिएर। धड्कने मुटु, सास चल्ने शरीर र जिज्ञासाले भरिएको बालचेतनासहित जन्मिन्छ। तर यही बालचेतनामा परिवार, समाज र संस्कृतिले धार्मिक भय, पाखण्ड र अदृश्य शक्ति सम्बन्धी कथा भर्दै लग्छन्। भूत-प्रेत, पाप, ईश्वर, स्वर्ग, पुनर्जन्मजस्ता अवधारणाहरू बालकको मनोविज्ञानमा यति गहिरो राखिन्छन् कि ऊ आफ्नो इच्छाले होइन, वातावरणको दबाबले 'धार्मिक' बनाइन्छ।

धर्मको अस्तित्वको आधार तथ्य होइन; अज्ञानता, भय, आश्रयको खोजी र सामाजिक नियन्त्रण हुन्। इतिहासको प्रत्येक कालखण्डले देखाएको छ- धर्म त्यही समाजमा फस्टाउँछ जहाँ आधुनिक शिक्षा कमजोर छ, वैज्ञानिक चेतना अभावमा छ र समाजको त्यो वर्ग दमन, शोषण र गरिबीबाट घेरिएको छ। विडम्बना त के छ भने धर्मले सबैभन्दा बढी शोषण गरेका- महिला, गरिब, मजदुर र सामाजिक रूपमा दबिएका वर्ग नै धर्मका सबैभन्दा कट्टर अनुयायी बन्छन्। किनकि धर्मले उनीहरूलाई 'पापबाट मुक्ति', 'मृत्युपछि स्वर्ग', 'कष्टपछि मोक्ष'जस्ता भ्रम बेचिदिन्छ, जुन भौतिक कठिनाइबाट भाग्ने एउटा मानसिक आश्रय हो।

यही कारण धर्म र मूर्खताको सम्बन्ध परस्पर आश्रित छ। मूर्खता- रूढी, अन्धविश्वास, प्रश्नहीन विश्वास- धर्मलाई बाँचिरहने अक्सिजन हो। र धर्म-दैवी आज्ञा, भय, परलोकको फिर्ती, दण्ड-पुरस्कारको मिथक-मूर्खताले जरा गाडिरहने मल हो। एकअर्काबिना दुवै अस्तित्वहीन बन्नेछन्। यी सबैबीच एउटा आधारभूत सत्य उभिन्छ- धर्मको अन्त्य चेतनाको प्रस्फुटनसँगै हुन्छ र चेतनाको विकास विज्ञान, तर्क, अनुसन्धान र शिक्षामार्फत सम्भव हुन्छ।

सभ्य मानव बन्ने मार्ग धार्मिक भय होइन, वैज्ञानिक दृष्टि र स्वतन्त्र सोच हो। धर्मबिना मूर्खता अस्तित्व रहन सक्दैन भने मूर्खताबिना धर्मको अस्तित्व जीवित रहँदैन। मूर्खताबाट नै धर्मको जन्म हुन्छ र धर्मकै कारण मूर्खता जीवित रहन्छ। मूर्खताको अन्त्यसँगै धर्मको पनि अन्त्य हुनेछ, साथसाथै धर्मको अन्त्यसँगै मूर्खता पनि समाप्त हुनेछ। संसारभरि धर्मको विशाल विस्तार मूर्खताको समर्थनमा खडा भएको हो। जुन दिन संसारबाट मूर्खता हट्नेछ, त्यस दिनबाट धर्मको धरातल पनि ध्वंस हुनेछ।

धर्मले महिला, मजदुर, दुखी, गरिबलाई दासताको साङ्लोले बाँध्दै सबैभन्दा बढी शोषण गरेको छ। तर पनि तिनै महिला, मजदुर, दुःखी, गरिब सबैभन्दा बढी धर्मलिप्त बनी धर्मको रक्षार्थ खडा भएका छन्। धर्मको शरण लिएर पापबाट मुक्ति मिल्ने र मृत्युपछि स्वर्गमा सुन्दर सुरक्षित स्थान प्राप्त हुन्छ भन्ने उनीहरूलाई धेरै ठुलो भ्रम बेचिएको छ। उनीहरूको साथमा आधुनिक शिक्षा, ज्ञान, चेतना र विवेकको अभाव छ। जसको कारण यस्ताखाले धार्मिक कुरीति, पाखण्ड, रीतिरिवाज र अन्धविश्वासका विरुद्ध लड्नुको सट्टा त्यसलाई अंगालिरहेका छन्। यस प्रकारको मूर्खतापूर्ण अभ्यास पुस्तौंपुस्तादेखि जारी छ। कयौं पुस्ताले जीवनभर धर्मको जाँतोमा पिसिएर कष्टकर जीवन गुजारेका छन्। धार्मिक अन्धविश्वास, पाखण्ड र मूर्खताको अन्त्य नभएसम्म त्यो वर्गको मुक्ति क्षितिज पारिमै रहनेछ।

मुख्य प्रश्न यो छ कि मानिस जन्मँदा नास्तिक भएरै जन्मन्छ। उसलाई जन्मँदैबाट घरपरिवार र समाजले धार्मिक अन्धविश्वासको मार्गमा डोर्‍याउँछन्। अन्जानमै बालक विस्तारै घरपरिवार र समाजले गर्दै आएको रीतिरिवाज, धर्म, संस्कृति र परम्परालाई अगाल्न बाध्य पारिन्छ। कलिलो उमेरदेखि नै उसको बालमस्तिष्कमा भूत-प्रेत, ईश्वरजस्ता कुराको डर देखाइन्छ। जसको कारण बालमस्तिष्कले अन्जानमै धार्मिक अन्धविश्वास, सामाजिक रीतिरिवाज, परम्परा र रुढिगत मान्यतालाई जीवन व्यवहारमा अगाल्दै जाँदा ऊ धार्मिक बन्छ।

धार्मिक अन्धविश्वास गहिरो वंशाणुगत मानसिक रोग हो। जबसम्म मानिस धार्मिक सम्प्रदायबाट माथि उठ्न सक्दैन, तबसम्म सभ्य मानव पनि बन्न सक्दैन। ईश्वरको अस्तित्व न विगतमा थियो, न वर्तमानमा छ, न भविष्यमै भेटिनेछ। धर्म र मूर्खताको सहनिर्भरता मानव इतिहासको सबैभन्दा दुःखद तर सबैभन्दा स्पष्ट सत्य हो। जन्मदेखि नै आरोपित भय, दोषबोध र परलोकको लोभले मानिसलाई प्रश्नविहीन समर्पणतिर धकेल्छ। यही कारण धर्म पुस्तौंदेखि शक्तिशाली अवस्थामा छ र मूर्खता- अन्धविश्वास, पाखण्ड, रीतिरिवाज र दण्ड-पुरस्कारको मिथक समाजको गहिरो तहमा जरा गाडेर बसेको छ।

मानिस जन्मजात धार्मिक होइन तर उसको चेतनामा बाल्यकालमै घुसाइने मिथ्या भयले उसलाई अन्धविश्वासी बनाइदिन्छ। जबसम्म मानिसले विज्ञान, तर्क, शिक्षा र स्वतन्त्र विचारका आधारमा जीवन नियाल्न सिक्दैन, तबसम्म ऊ पराधीन नै रहन्छ, धर्मप्रति, भयप्रति र आत्मपीडाप्रति। धर्म मुर्दाजस्तै स्थिर संरचना हो; विज्ञान जीवितजस्तै निरन्तर बदलिँदै, जाँचिँदै र सुधारिँदै जाने प्रक्रिया हो। मुक्तिको मार्ग त्यसैले स्पष्ट छ- मूर्खताको अन्त्य, अन्धविश्वासको त्याग र विवेकशील चेतनाको विकास। राष्ट्रिय, सामाजिक र व्यक्तिगत प्रगतिका लागि मनुष्यले साहसपूर्वक घोषणा गर्नैपर्छ- ईश्वर छैन। मुक्ति केवल ज्ञान, तर्क र चेतनामा छ। यो स्वीकृति नै मानव सभ्यताको सचेत, वैज्ञानिक र स्वतन्त्र भविष्यतिरको पहिलो कदम हो। धार्मिक अन्धविश्वास, अज्ञानता, मूर्खता र पाखण्डलाई परित्याग गरौं, चेतनशील, सभ्य र तर्कशील बनौं।

## सामाजिक सञ्जाल



डम्बर खतिवडा

माओवादी पृष्ठभूमिका साथीसँगको संगत र अनुभवले भन्छ- तिनको ब्रह्माण्ड नै प्रचण्ड हुन्। प्रेम-घृणा सबै प्रचण्ड-रिसाए संसार सकियो, बोलाएर मिठो बोले फुरुंग, कुम्लो बोकेर उतै कुद्ने-बाबुराम्ले गोर्खामा भोट मागेजस्तो प्रगतिशील-लोकतान्त्रिक पार्टीलाई शुभकामना। तर कति दिन टिक्ला ?



गोविन्दराज पोखरेल

नेपालको कूटनीतिकको साख किन गिरेको छ भन्ने यही 'लगानीवाला' नियुक्तले गर्दा नै हो। परराष्ट्रमन्त्रीसँग सानो कुरा नमिल्दा राजीनामा दिने पद हो राजदूत। तलब भत्तामार्फत गरेको लगानी असुली नहुँदासम्म यसरी बेइज्जत भई भई पनि बस्नेलाई सुनुवाइ समितिले कसरी उच्च नैतिकवान् ठहर्‍यायो ?



जैनेन्द्र जीवन

आगामी चुनावमा मत हाल्नै भनेर यो पाला झन्डै साढे ८ लाख मतदाता नयाँ थपिएछन्। यो संख्या योभन्दा अगिका हरेक चुनावमा थपिने भन्दा धेरै नै बढी हो। र यिनीहरू परिवर्तन चाहन्छन्। यो कुरा देउवा दम्पती र ओलीहरूले बुझ्दैनन् भने चुनावमा भाग लिने कांग्रेस र बहिष्कार गर्ने एमालेको राम नाम सत्य हुनेछ।



प्रेम घर्ती मगर

२३ र २४ भदौका घटना जाँचबुझका लागि गठित आयोगले अहिलेसम्म प्रहरी, कारागार प्रमुख, मुख्यसचिवलगायतका बयान लिइसकेको छ भने उच्च पदस्थ अधिकारी, गृहमन्त्री र तत्कालीन प्रधानमन्त्रीको बयान लिन बाँकी छ। सो जाँचबुझ आयोगले बालेन शाह, सुदन गुरुङ लगायतका जेनजी नेताहरूको बयान लिन्छ कि लिँदैन ?

# अर्घाखाँचीका ९९ प्रतिशत घरधुरीमा विद्युत् पुऱ्याएका भट्टराई

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ८ मंसिर

अर्घाखाँचीको ९९ प्रतिशत घरधुरीमा विद्युत् पुऱ्याउने अभियान सफलतापूर्वक अघि बढाउँदै आएका नेपाल विद्युत् प्राधिकरण अर्घाखाँची वितरण केन्द्रका प्रमुख सरुवा भएका छन् । इन्जिनियर त्रिलोचन भट्टराई कपिलवस्तुको कृष्णनगर वितरण केन्द्रमा सरुवा भएका हुन् । प्राधिकरणका अनुसार हालसम्म जिल्लाभरी ३८ हजार ३ सय ६ घरधुरीमा विद्युत् लाइन पुगेको छ । गत आर्थिक वर्षमा मात्रै ६ सय ९ नयाँ ग्राहक थपिएको वितरण केन्द्रले जनाएको छ ।

जिल्लाका ६ स्थानीय तहमध्ये शितगंगा नगरपालिका-९ र ११ का करिब २ सय ५० घरधुरी बाहेक सबै ठाउँमा विद्युत् पुगेको प्रमुख इन्जिनियर भट्टराईले जानकारी दिए । बाँकी घरधुरीमा पनि चालु आर्थिक वर्षमै विद्युत् पुऱ्याउने लक्ष्य राखिएको छ ।

वितरण केन्द्रले गत आर्थिक वर्षमा ३ सय ७४ वटा स्मार्ट मिटर जडान गरेको छ, जसका कारण मिटर रिडिङ, क्षमता व्यवस्थापनलगायतका काम अनलाइनबाट




सहज रूपमा हुन थालेका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा कुल २ करोड ९५ लाख २५ हजार १ सय २५.९० यूनिट विद्युत् बिक्री गरी २४ करोड ४३ लाख ८३ हजार ३ सय १२ रुपैयाँ राजस्व संकलन गरिएको छ । विविध शीर्षकमा ६ लाख ४२ हजार ३ सय ६३ रुपैयाँ अतिरिक्त राजस्व पनि उठाएको केन्द्रले जनाएको छ ।

समयमै महशुल नतिर्ने १ सय ७८ ग्राहकको लाइन काटी २५ लाख ७० हजार ९ सय ७५ रुपैयाँ बक्यौता महसुल असूली गरिएको भट्टराईले बताए । अर्घाखाँची वितरण केन्द्र अन्तर्गतको डेडिकेटेड औद्योगिक ग्राहक शुभश्री अग्नि सिमेन्ट उद्योगबाट २०७४ फागुनदेखि २०७५ वैशाखसम्मको डेडिकेटेड लाइन वापतको रकमका सात किस्ताबाट २४ लाख ७१ हजार रुपैयाँ असूली गरिएको छ । गुणस्तरीय विद्युत् सेवा र जनउत्तरदायी प्रणाली विकासका लागि भट्टराई र उनकी टोलीले रातदिन नभनी फिल्डमा खटिएकोले विद्युत आपूर्ति सहज बनेको उपभोक्ताहरू बताउँछन् ।

विद्युतीय दुर्घटना हुन सक्ने स्थानको पहिचान गरी ट्रान्सफर्मर घेराबार, भुइँमा रहेका ट्रान्सफर्मरलाई पोलमा सार्ने, किटक्याट फ्यूज व्यवस्थापनजस्ता काम अभियानकै रूपमा अघि बढाइएको छ । जोखिमपूर्ण नांगो तारहरूलाई एबिसी केबलले प्रतिस्थापन गर्ने कार्य पनि द्रुतगतिमा चलिरहेको छ ।

विद्युतीय सवारी साधन प्रवर्द्धन गर्ने सरकारी नीतिनुसार चार्जिङ स्टेसन जडान गर्न चाहनेलाई शीघ्र र सहज प्राविधिक सहयोग गर्ने व्यवस्था पनि केन्द्रले मिलाएको छ । यसतर्फका ग्राहकलाई वर्षभरि ५ लाख ३६ हजार ६ सय ४ यूनिट विद्युत् बिक्री गरी ४२ लाख १७ हजार ९ सय ९५ रुपैयाँ महसुल संकलन गरिएको छ ।

# रास्कोटमा एसइई लक्षित आवासीय पढाइ सुरु

**कमल कुमाल/मध्यान्ह**
रास्कोट, ८ मंसिर



कालीकोटको रास्कोट नगरपालिकामा रहेका चारवटै माध्यमिक विद्यालयमा कक्षा १० का विद्यार्थीलाई लक्षित गर्दै आवासीय शिक्षण-सिकाइ कार्यक्रम सञ्चालन गरिएको छ ।

आगामी माध्यमिक शिक्षा परीक्षा (एसईई)को तयारी प्रभावकारी बनाउन मंसिर पहिलो सातादेखि निरन्तर आवासमै बसेर कक्षा सञ्चालन भइरहेको शिक्षा शाखा प्रमुख खेमराज शाहीले जानकारी दिए ।

नगरपालिकाअन्तर्गत श्री बडिमालिका मा.वि स्यूना, श्री मोतिराम मा.वि सिपखाना, श्री जनजागृति मा.वि र श्री कालिशिल्ला मा.वि मा आवासीय पठनपाठन औपचारिक रूपमा सुरु भएको हो ।

कार्यक्रममार्फत विद्यार्थीलाई मुख्य विषयको दोहोरो अभ्यास, प्रश्नपत्र समाधान, परामर्श तथा अनुशासित वातावरणमा अध्ययन सुविधा प्रदान गरिएको विद्यालय स्रोतले जनाएको छ ।

शिक्षकहरूले दैनिक पाठ्यक्रमअनुसार पुनरावृत्ति, कमजोर पक्ष पहिचान तथा अभ्यास-आधारित सिकाइलाई प्राथमिकतामा राखेर कक्षा सञ्चालन गरिरहेका छन् ।

अभिभावक र स्थानीय तहले समेत यसलाई विद्यार्थीको शैक्षिक सुधारका लागि महत्वपूर्ण पहलका रूपमा लिएको नगर प्रमुख धर्मराज शाही पोषणले बताए । सिकाइ कार्यक्रम निरन्तर जारी रहने र यसले विद्यार्थीको नतिजामा उल्लेखनीय सुधार आउने विश्वास लिइएको छ ।

# चौरजहारीमा तीनदिने व्यावसायिक विकास योजना तालिम सुरु



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ८ मंसिर

रुकुम पश्चिमको चौरजहारी नगरपालिकामा मानव विकास तथा सामुदायिक सेवा अन्तर्गत सञ्चालित राइज-अप परियोजनाले तीन दिने व्यवसायिक विकास योजना सम्बन्धी तालिम सुरु गरेको छ ।

अपांगता भएका व्यक्ति तथा उनीहरूको परिवारका सदस्यलाई उद्यमशीलता, व्यवसायिक योजना निर्माण, आवश्यक सीप र व्यावहारिक ज्ञान प्रदान गर्दै आर्थिक आत्मनिर्भर उन्मुख गराउने उद्देश्यले तालिम सञ्चालन गरिएको परियोजना अधिकृत सन्देश जैसीले जानकारी दिए ।

तालिमको सहजीकरण जिल्ला कृषि विकास कार्यालय रुकुम पश्चिमका प्रमुख भरत बहादुर बस्नेतले गरेका छन् । परियोजना अनुसार तालिममा २८ जनाको सहभागिता रहेको र तालिम बुधबार सम्पन्न हुनेछ ।

तालिमको उद्घाटन चौरजहारी नगरपालिकाकी उप-प्रमुख ईश्वरी कुमारी शर्माले गरेकी छन् ।

उद्घाटन कार्यक्रममा नेपाल पत्रकार महासंघ रुकुम पश्चिमका अध्यक्ष गोपालप्रसाद रेग्मी, चौरजहारी नगरपालिका महिला तथा बालबालिका शाखा प्रमुख पवित्रा पोखरेललगायतको सहभागिता रहेको थियो ।

तालिम चौरजहारी नगरपालिका-१ स्थित होटेल मिड भ्यालीमा सञ्चालन भइरहेको वित्त अधिकृत सुस्मिता वि.क.ले जानकारी दिइन् ।

# प्राथमिकतामा प्राविधिक र व्यावसायिक शिक्षा

**काठमाडौं/मस-** काठमाडौंको गोकर्णेश्वर नगरपालिकाले प्राविधिक व्यावसायिक शिक्षा र तालिम शिक्षा प्रणाली कार्यान्वयन प्रयोगशाला (आइल्याब) कार्यक्रम अन्तर्गत प्राविधिक व्यवसायिक शिक्षा र तालिमलाई औपचारिक शिक्षामा रूपान्तरण गर्न जोड दिँदै प्राथमिकताका साथ अगाडि बढाउने भएको छ ।

काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेशन(कुसोड) र इटिएच जुरिकको सहकार्य तथा स्वीस विकास नियोगको प्राविधिक सहयोगमा प्राविधिक व्यावसायिक शिक्षा र तालिम अन्तर्गत शिक्षा प्रणाली कार्यान्वयन प्रयोगशाला (आईल्याव)सँग सम्बन्धित रहेर गोकर्णेश्वरले विद्युतीय सवारी मर्मत सम्भारको लागि छोटो अवधिको तीन महिने तालिम प्रदान गर्ने भएको छ ।

गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपक कुमार रिसालले नेपालमा विद्युतीय सवारीहरूको प्रयोग बढ्दै गएको र अहिलेको समयसामयिक परिवेशमा विद्युतीय सवारीहरूको मर्मत सम्भारका लागि नेपालमै दक्ष जनशक्ति आवश्यक भएकोले यो तालिम सञ्चालन गर्दै औपचारिक रूपमा प्रविधिक तथा व्यवसायिक शिक्षालाई प्राथमिकता दिन लागिएको बताए ।

'हाम्रा स्थानीय युवाहरु बेरोजगारीको समस्या भ्fोलिरहेका छन्, उनीहरूलाई तालिम र सीप प्रदान गरेर स्वरोजगार र उद्यमशील बनाउन सकिन्छ, यस विषयमा स्थानीय युवाहरू पनि सकरात्मक छन्, हामीले पहल गर्दा समाज र देशले राम्रो लाभ हासिल गर्छ, यो अहिलेको अवस्था पनि हो, नगरपालिकाका १८ देखि ४० वर्षसम्मका बेरोजगार स्थानीयहरूलाई लक्षित गरेर यो कार्यक्रम सञ्चालन गर्ने र यसका लागि प्रक्रिया अगाडि बढेको छ, क्रमिक रुपमा औपचारिकता दिनेछौं,' उनले भने ।

काठमाडौं विश्वविद्यालयले समन्वय गरेको शिक्षा प्रणाली कार्यान्वयन प्रयोगशाला (आइल्याब) २०२५ मा मधेस प्रदेश बाहेक हरेक प्रदेशमा एक एक वटा समूह छन् भने बागमती प्रदेशभित्र ललितपुरमा एउटा र काठमाडौंमा एउटा दुई वटा समूह छन् ।

शिक्षा प्रणाली कार्यान्वयन प्रयोगशाला (आइल्याब) अन्तर्गत हरेक समूहले फरकफरक क्षेत्रमा प्राविधिक तथा व्यवसायिक कार्यक्रमहरु गरिरहेका छन् । सबै समूहमध्ये गोकर्णेश्वरले अनौपचारिक रुपमा भइरहेको प्राविधिक, व्यवसायिक शिक्षा र तालिमलाई औपचारिक शैक्षिक कार्यक्रमको रूपमा विकास गर्दै जाने गरि कार्ययोजना तयार गरेको काठमाडौं विश्वविद्यालयका पूर्वडिन तथा प्राध्यापक डाक्टर महेशनाथ पराजुलीले जानकारी गराए ।



प्राविधिक व्यवसायिक शिक्षा र तालिमका लागि गोकर्णेश्वर नगरपालिकाको पहलमा बागमती प्रदेश प्राविधिक व्यवसायिक शिक्षा र तालिमसहित संघीय तहको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदसंग समन्वयमा कार्यक्रमहरू सञ्चालन हुने उनले बताए । आइल्याव अन्तर्गत गोकर्णेश्वर नगरपालिकाले विद्युतीय सवारी मर्मतमा स्थानीयहरूको रुचि कस्तो छ भनेर सर्वेक्षण समेत गर्ने भएको जानकारी गराइएको छ ।

प्रविधिक व्यवसायिक शिक्षा अन्तर्गत तीन महिनाको विद्युतीय सवारी मर्मत तथा सम्भार तालिम सामान्य भएकोले यसलाई दीर्घकालीन बनाउन र दुई वर्षसम्मको अवधिको पाठ्यक्रम अनुसारको ओपचारिक शिक्षामा जोड्न सर्वेक्षण गर्न लागिएको जनाइएको छ । बागमती प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषदका प्रमुख कार्यकारी निर्देशक शान्ति लामाले स्थानीय र प्रदेश तहको समन्वय अनौपचारिक प्राविधिक व्यवसायिक तालिमलाई औपचारिक शिक्षाका रूपमा विकास गर्ने प्रयास यो नेपालमा नै पहिलो हो भएको बताए ।

नेपालमा व्याप्त बेरोजगारी समस्या न्युनिकरण गर्दै जानका लागि यो प्रक्रिया महत्त्वपूर्ण भएको आइल्याव काठमाडौंका संयोजक रमेश दुलालले जानकारी गराए ।

निजी क्षेत्रकातर्फबाट नेपाल उद्योग परिसंघले विद्युतीय सवारी मर्मतको क्षेत्रमा आवश्यक सीपयुक्त जनशक्तिलाई रोजगार दिलाउनका लागि समन्वय र सहकार्यको भूमिका निर्वाह गर्दै शिक्षालाई उद्योग र उद्यमशीलतासंग जोड्न प्रयत्न गर्ने उद्योग परिसंघका सीप निर्देशक प्रयाशा केसीले जानकारी गराए । यसका लागि बागमती प्रदेश, गोकर्णेश्वर नगरपालिका र उद्योग परिसंघबीच त्रिपक्षीय सम्झौता भएको बताए ।

विद्युतीय सवारीको मर्मतका लागि उद्योग र बजारको माग अनुरुप दक्ष जनशक्ति विकास गरी रोजगारमा जोड्न उद्योग परिसंघले भूमिका खेल्ने जानकारी गराइएको छ ।


## भुगर्भ सिमेन्ट लिमिटेडको
## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८२/०८/०९ गते**

आदरणीय शेयरधनी महानुभावहरु,
यस संस्थाको सञ्चालक समितिको मिति २०८२/०८/०८ गते वसेको वैठकबाट निर्णय भए बमोजिम यस संस्थाको वार्षिक साधारण सभा देहायमा उल्लेखित विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि निम्नलिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम उक्त वार्षिक साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावहरुको सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, स्थान र समय :**
**मिति :** २०८२ साल पुष १ गते **समय :** दिनको ११:०० बजे **स्थान :** सिटीसी मल, सुन्धारा, काठमाडौ

**छलफलका विषयहरु :**
**(क) सामान्य प्रस्तावहरु**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८१/०८२ को प्रगती विवरण सहितको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/२०८३ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने ।
४. संचालकहरुको बैठक भत्ता तोक्ने ।

**(ख) विषेश प्रस्तावहरुः**
५. सञ्चालकको संख्या परिवर्तन गर्न कम्पनीको नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सञ्चालक समिति पून: गठन गरी स्वतन्त्र सञ्चालकहरुको नियुक्ति गर्ने ।
६. कम्पनीको पूँजी संशोधन गर्ने प्रयोजनको लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।
७. कम्पनीको ठेगाना परिवर्तन गर्न कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।
८. १००:६० को अनुपातमा हकप्रद शेयर जारी गर्ने ।
९. कम्पनी ऐन २०६३ को दफा १०५ बमोजिम ऋण लिने प्रयोजनलाई स्वीकृती प्रदान गर्ने ।
१०. कम्पनीले सर्वसाधारणलाई शेयर जारी गर्ने प्रयोजनको लागि सम्पूर्ण कार्य गर्नको निमित्त कम्पनीको अध्यक्षलाई अख्तीयारी प्रदान गर्ने ।
११. विविध

**सञ्चालक समितिको आज्ञाले**
**नन्दीकेशर पौड्याल, अध्यक्ष, संचालक समिति**



## Asal Hygiene Products Pvt. Ltd.
**Bhaktapur, Nepal**

**सर्वसाधारणको जानकारीका लागि सार्वजनिक सूचना**

यस **Asal Hygiene Products Pvt. Ltd, Bhaktapur, Nepal** द्वारा उत्पादित तपसील बमोजिमका स्यानिटरी प्याडहरुको मूल्य सार्वजनिक गरिएको व्योहोरा सर्वसाधारणमा जानकारी गराईन्छ ।

| Product Name | Wholesale Rate | MRP |
|---|---|---|
| Juni Ultra-thin Sanitary Pad 8 pcs Per Pack, Length 240 mm. Width 70 mm. Thickness 1.5 mm, Absorption Capacity 80-100 ml. | Rs.85/- | Rs.100/- |
| Juni Ultra-thin Sanitary Pad 8 pcs Per Pack, Length 265mm. Width 70 mm. Thickness 1.5 mm, Absorption Capacity 100-140 ml. | Rs.95/- | Rs.110/- |
| Ladysoft Ultra thin Sanitary Pad 8 pcs per pack, Length 280 mm, width 75 mm, Thickness 1.5 mm Absorption Capacity 80-100 ML | Rs.100/- | Rs. 120/- |

**नोटः उल्लेखित दरमा डिलरलाई दिएअनुसारको छुट दिन सकिनेछ ।**



**Government of Lumbini Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
## Road Infrastructure Development Office
Kapilvastu

## Invitation for Bids

IFB No: **03/RIDOKAP/082-83** Date of publication: **November 25, 2025 (2082/08/09)**

1. Road Infrastructure Development Office, Kapilvastu invites electronic bids only for the construction of following works. All other information and Bid documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.
2. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account.
Cost of bidding document: **NRs. 3000/-** Name of Bank: **Rastriya Banijya Bank, Taulihawa, Kapilvastu**
Name of Office: **Road Infrastructure Development Office, Kapilvastu** Office Code No.: **3370149015**
Revenue Heading no.: **14229** Revenue Account Number: **1000100200010000**
3. Electronic bids must be submitted before 12:00 A.M. on **December 26, 2025.**

| S. N. | Name of Works | Contract ID | Estimated Amount (excluding VAT) | Bid Security Amount (NRs) with validity upto (April 26, 2026) |
|---|---|---|---|---|
| 1. | Bagdi Sohasa Aanrath Uchdihawa Sadak | RIDOKAP/10134/ NCB/082-83/14 | 2,413,713.69 | 70,000 |
| 2. | Bankati Verleya Birpur Milanchoak Chhapiya Bhusadi Jane Sadak Kalopatre Banganga -10. | RIDOKAP/10134/ NCB/082-83/15 | 2,760,733.81 | 80,000 |
| 3. | Bargadwa Bhavpur Titirkha sadak | RIDOKAP/10144/ NCB/082-83/16 | 2,070,581.46 | 60,000 |
| 4. | Bargadwa Gaun Dekhi Purnahawa Gau Ward Samma Pakki Nali Sahit Sadak Kaloptre Kapilvastu Na.pa. ra Yasodhara Ga.Pa | RIDOKAP/10134/ NCB/082-83/17 | 5,261,813.77 | 153,000 |
| 5. | Bimiha Chowk Dekhi Madhunagara Mahadev Madargadth Sohasa samma Kalopatre, Kapilvastu | RIDOKAP/10134/ NCB/082-83/18 | 2,070,615.70 | 60,000 |
| 6. | Bimiha Main Sadak Dekhi Pakadi samsan Ghat Jane Bato Nirman Shuddhodhan Ga.pa.-06, Kapilvastu | RIDOKAP/10134/ NCB/082-83/19 | 3,450,494.85 | 100,000 |
| 7. | Bitlari Sadak Bhushal Chok Paschim Tarpha Basantiko Ghar Hudai 3 No. Tola Jhabindra Choak Samma Culvert Tatha RCC sadak Nirman Banganga-08, Kapilvastu | RIDOKAP/10134/ NCB/082-83/20 | 4,140,725.88 | 120,000 |
| 8. | Pachhera Barohiya Mungahari Manpur mahadev Sadak | RIDOKAP/10134/ NCB/082-83/21 | 2,415,399.44 | 70,000 |
| 9. | Pachara Uchadihawa Patariya Chhapiya Naugaiya Rupendehi(Dauri sadak) | RIDOKAP/10134/ NCB/082-83/22 | 2,415,384.87 | 70,000 |
| 10. | Shivaraj 3 ko Hansabahini Tol ra Shanti Tolmaa Sadak Starunnati, Kapilvastu | RIDOKAP/10134/ NCB/082-83/23 | 3,450,904.86 | 100,000 |
| 11. | Bankatta-Umari Sadak Starunnati Shivaraj Na.Pa. 11 | RIDOKAP/10134/ NCB/082-83/24 | 2,069,421.27 | 60,000 |
| 12. | Khairi Dharma Kaata Paschim Sadakharuko Starunnati Shivaraj-05, Kapilvastu | RIDOKAP/10134/ NCB/082-83/25 | 2,068,547.48 | 60,000 |
| 13. | Umari Belauti Karhiya Sadak Kalopatre Shivaraj-01, Kapilvastu | RIDOKAP/10134/ NCB/082-83/26 | 2,763,426.20 | 80,000 |

# डोल्पाको धोसहित कर्णालीका तीन जिल्लामा इलाका प्रशासन कार्यालय स्थापना गरिने

**पूर्ण सार्की/मध्यान्ह**
सुर्खेत, ८ मंसिर



डोल्पासहित कर्णालीका ३ जिल्लामा नयाँ इलाका प्रशासन कार्यालय राख्न सहमति भएको छ ।

गृह मन्त्रालयले देशका विभिन्न दुर्गम तथा आवश्यकताअनुसार प्राथमिकता प्राप्त कर्णालीका ३ सहित देशभरका १० स्थानमा नयाँ इलाका प्रशासन कार्यालय स्थापना गर्न सहमति प्रदान गरेको छ ।

गत मंसिर ३ गते बुधबारको मन्त्रीस्तरीय निर्णयअनुसार देशभरका विभिन्न जिल्लाका १० स्थानमा दरबन्दी हेरफेर तथा नयाँ संरचना गठनका लागि गरिएको अनुरोधमा मन्त्रालयले इलाका प्रशासन कार्यालय राख्न सहमति प्रदान गरेको अर्थ मन्त्रालयले जानकारी दिएको छ ।

अर्थले डोल्पाको डोल्पोबुद्ध गाउँपालिकाको प्रशासनिक केन्द्रसमेत रहेको धो उपत्यका, मुगुको खत्याड, कालिकोटको रास्कोट, ताप्लेजुङ, बाजुराको कोल्टी, बझाङ, डोटी र दार्चुलामा नयाँ इलाका प्रशासन कार्यालय थप्ने सहमति दिएको हो ।

मन्त्रालयका अनुसार हालको दरबन्दीभित्रै रहँदै कुनै पनि पद संख्या नबढाइ उक्त स्थानमा नयाँ कार्यालय सञ्चालन गरिने र कार्यालय स्थापना तथा सञ्चालनका लागि चार वर्षसम्म आवश्यक पर्ने खर्च मन्त्रालयकै विनियोजित बजेटबाट व्यवस्थापन गरिने छ ।

सरकारले दुर्गम क्षेत्रमा प्रशासनिक सेवा सहज र प्रभावकारी बनाउन नयाँ इलाका प्रशासन कार्यालयहरू स्थापना गर्न आवश्यक रहेको भन्दै यसलाई प्राथमिकतामा राखेको छ । नयाँ कार्यालय सञ्चालनमा आएपछि स्थानीयले नागरिकता, सिफारिस, पासपोर्ट, विपद् व्यवस्थापनलगायतका सेवा थप छिटो र नजिकैबाट पाउने छन् ।

# वरिष्ठ सञ्चारकर्मी दवाडीलाई सिर्जनशील सञ्चारकर्मी सम्मान



**काठमाडौं/मस–** वरिष्ठ सञ्चारकर्मी शिरोमणि दवाडी 'सृजनशील सञ्चारकर्मी सम्मान २०८२'बाट सम्मानित भएका छन् ।

ओप्सना फिल्मस् प्रालिको आयोजनामा नेपाल चलचित्र विकास बोर्डको सभाहलमा आयोजित दोस्रो ओप्सना फिल्म एण्ड म्युजिक अवार्ड २०८२ को अवसरमा दवाडीलाई सम्मान गरिएको हो ।

प्रमुख अतिथि बरिष्ठ चलचित्रकर्मी हरिहर शर्मा र कार्यक्रम अध्यक्ष एवम् आयोजक संस्थाका प्रबन्धक निर्देशक ओमप्रकाश राईले दवाडीलाई उक्त सम्मान गरेका थिए । सञ्चार क्षेत्रमा तीन दशकदेखि पुऱ्याएको उल्लेखनीय योगदानको कदर गर्दै उक्त सम्मान प्रदान गरिएको आयोजक संस्थाले जनाएको छ ।

त्यस्तै, युवा साहित्यकार भिष्मराज फुलारालाई राष्ट्रिय साहित्य रत्न सम्मान प्रदान गरिएको छ । गायक शिव परियारलाई राष्ट्रिय संगीत रत्न सम्मान प्रदान गरिएको छ भने डा.सूर्य बहादुर मगरलाई राष्ट्रिय संगीत व्यवसायी सम्मान दिइएको छ । साथै, राजेन्द्र बजगाईलाई राष्ट्रिय संगीत एवं कला रत्न सम्मान र देवेन्द्र पाण्डेलाई राष्ट्रिय संगीत तथा कला सम्मान प्रदान गरिएको आयोजकले जनाएको छ ।

समारोहमा प्रमुख अतिथि हरिहर शर्माले कलामा गरिएको सम्मान र प्रतिभाको पहिचानले कलाकारहरूलाई अझ सिर्जनात्मक कार्यमा प्रेरित गर्ने बताउँदै कला क्षेत्र राष्ट्रको पहिचान भएकाले सरकारले पनि यसलाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरेका थिए । कार्यक्रममा विभिन्न विधाका उत्कृष्ट सर्जकहरूलाई दोस्रो ओप्सना फिल्म अवार्ड २०८२ प्रदान गरिएको थियो ।

# कर्णाली र लुम्बिनीका सञ्चारकर्मीलाई रक्षा संवाददाता अभिमुखीकरण



**सुर्खेत/मस–** कर्णाली प्रदेशको राजधानी सुर्खेतमा नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयको आयोजनामा चार दिने रक्षा संवाददाता अभिमुखीकरण कार्यक्रम सुरु भएको छ ।

कर्णाली प्रदेशका ८ र लुम्बिनीका दुई जिल्ला गरी १० जिल्लाका २४ जना सञ्चारकर्मीको सहभागितामा सुर्खेतस्थित श्री उत्तर पश्चिम पृतना हेडक्वार्टरमा चार दिनसम्म सञ्चालन हुने अभिमुखीकरण गोष्ठी सोमबारदेखि सुरु भएको उत्तर पश्चिम हेडक्वार्टर सुर्खेतले जानकारी दिएको छ ।

हेडक्वार्टरका अनुसार अभिमुखीकरणमा कर्णालीका डोल्पा, जुम्ला, हुम्ला, दैलेख, मुगु, जाजरकोट, कालिकोट, सुर्खेत र लुम्बिनीका बाँके र बर्दियाका २४ जना सञ्चारकर्मीको उपथिति रहेको छ । उत्तर पश्चिम हेडक्वार्टरका पृत्तनापति दिपेशजंग शाहको प्रमुख आतिथ्यतामा भिमुखीकरण कार्यक्रम उद्घाटन गरिएको थियो । सञ्चारकर्मीहरूलाई नेपाली सेनाको संगठनात्मक संरचना, जिम्मेवारी, भूमिका र विविध गतिविधिहरूका बारेमा सुसूचित गर्नु अभिमुखीकरण कार्यक्रमको मुख्य उद्देश्य रहेको पृतनापति शाहले बताए ।

कार्यक्रममा सेनाले राष्ट्रको सुरक्षादेखि विकास र संरक्षणका क्षेत्रमा गरिरहेका योगदानलाई विशेष रूपमा उजागर गरेको थियो । पृतनापति शाहले भदौ २३ र २४ गतेको आन्दोलनका विषयमा अभिमुखीकरणमा समीक्षा र प्रश्न नगर्न पत्रकारलाई आग्रहसमेत गरेका थिए । पहिलो दिनको कार्यक्रममा प्रमुख सेनानीहरु सञ्जय अधिकारी, वरुण केसी, महासेनानी जिवन कार्की, ज्योति कटवालले पत्रकार आचारसहिंता र अन्य सुरक्षा संवेदनशीलताका विषयमा प्रस्तुति दिएका थिए ।

चार दिनसम्म सञ्चालन हुने यस अभिमुखीकरणमा नेपाली सेनाको सहायक भूमिका, संरचना, नियमित गतिविधि, वर्तमान सुरक्षा परिवेशलगायतका विषयमा जानकारीमूलक प्रस्तुतीकरण हुने जनाइएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०८/०९**

**पशुपती शिवजी कन्स्ट्रक्सन प्रा. लि. (Pashupathi)** को मिति २०८२/०८/०३ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पशुपति शिवजी कन्स्ट्रक्सन प्रा. लि. (Pashupati) (प्रा.लि नं. १५३२६४)** कायम गर्ने गरी मिति २०८२/०८/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कास्की ओभरसिज प्रा. लि. को जरूरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **कास्की ओभरसिज प्रा. लि.** (श्रम इजाजत पत्र नं.१०९१/०७३/०७४) को सँग मिल्दो जुल्दो नाम राखी उपत्यका बाहिर ठेगाना राखी बदनियत ढंगबाट काम गरेको सुनिन आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । निज व्यक्तिहरु यस प्रा.लि को आधिकारिक व्यक्ति नभएको र यस प्रा.लि.को केन्द्रीय कार्यालय सिनामंगल ०९, काठमाडौं बाहेक अन्यत्र कहि कतै शाखा र सम्पर्क कार्यालय नभएको समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस प्रा.लि.को केन्द्रिय कार्यालय र आधिकारिक व्यक्ति बाहेक अन्यत्र गरिएको आर्थिक कारोबारमा यस प्रा.लि जिम्मेवार नरहने यसै सूचना द्वारा जानकारी गराइन्छ ।

**कास्की ओभरसिज प्रा.लि.**
Govt. Lic. No. 1091/073/074
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-4587733
Email: kaskioverseasnepal@gmail.com

## काठ/दाउरा लिलाम बिक्री सम्बन्धि २१ दिने सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०८/९ गते**

यस कार्यालय मातहतको राष्ट्रिय वनक्षेत्रमा जालपादेवी केबलकार आयोजनाको पूर्वाधार निर्माणको लागि वन तथा भू संरक्षण विभागसँग भएको सम्झौता बमोजिम आ.व. ०८०/८१ मा रुखहरु कटान गरी चिसापानी, कैलालीमा घाटगद्दी गरिएको विभिन्न लटका साल जातको गोलिया काठ थान ३७६ को परिमाण ११५५.९७ क्यू.फिट, अस्ना जातको गोलिया काठ थान ८७१ को परिमाण ६१७९.६ क्यू.फिट, हल्दु जातको गोलिया काठ थान २९२ को परिमाण २९०८.१९ क्यू.फिट, जामुन जातको गोलिया काठ थान ५ को परिमाण ३९.२६ क्यूफिट र अन्य जातको गोलिया काठ थान ५७० को परिमाण ३५९६.३७ क्यू.फिट साथै मिश्रित दाउरा ७६ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत उद्योगले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र यस कार्यालयबाट बोलपत्र खरिद गरी प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र २२ (बाइस) औं दिनको अपरान्ह २:०० बजे भित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीमा दाखिला गर्न आव्हान गरिन्छ ।

**डिभिजन वन कार्यालय, पहलमानपुर कैलाली**

## INVITATION FOR SEALED TENDER BIDS

(Second date of publication: 25th November 2025)

**Description of works:** NMB Bank Limited solicits sealed Tender bids from interested Bidders for,

1. Supply of Microsoft SQL Software Assurance License
2. Supply of JBOSS License and Support

Eligible bidder may obtain the RFP document upon submission of a written application and a cash deposit voucher of NPR 2,000.00 (non-refundable fee) for each of the aforementioned bids, deposited in the account titled "Bid Document Purchase Parking Account" (00901371300114).

A. Tender Bid shall consist of Sealed Proposals as described in the "RFP Document" as per the schedule given below:

| S.N. | Activity | Date/Venue |
|---|---|---|
| A. | Submission of Tender Bids | The duly completed Bid/RFP documents must be submitted to the address below, with the Technical and Financial proposals separately sealed and properly stamped, on or before 5:00 PM on the 7th day (i.e., 1st December 2025) from the date of publication of this notice. In case of a public holiday, the documents may be submitted on the next working day. |
| B. | Opening of Tender Bids | Will advice later |

B. The Bidder who have already submitted sealed tender bids can either revoke it and continue by serving a letter.
C. The Bidder must be an authorized supplier licensed to sell the product in Nepal.
D. The Bidder must submit all the documents outlined in the RFP document and failing to do so shall result in the rejection of the bid submitted by the bidder.
E. The Bank reserves the right to accept or reject any or all applications without assigning any reason whatsoever.
F. Eligible Interested Bidders may contact the office of:

**Projects & Strategic Sourcing Department,**
**NMB Bank Limited,**
**6th Floor, Krishna Tower,**
**New Baneshwor, Kathmandu**
**Phone: 01-4217117 Ext-1578**

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

## Mahakali Municipality
## Office of Municipal Executive
**Khalanga, Darchula**
**Sudur Paschim Province, Nepal**

### Invitation for Bids (IFB)

**Date of Publication: 2082/08/09 (25th November 2025 AD)**
**Last Date of Bid Submission: 12 Hours, 2082/09/11 (26th December 2025 AD)**

Mahakali Municipality, Office of Municipal Executive Khalanga Darchula invites electronic bids for procurement of following works under National Competitive Bidding procedures. All other Information, Mandatory documents and bid documents can be downloaded from PPMO'S website: www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit their e-bid with the requested documents within mentioned period.

| S.N. | Project Name | Contract ID | Bid Document Fee (NRS) | Bid Security (NRS) |
|---|---|---|---|---|
| 1 | Installation of Street Light in Mahakali Municipality, Darchula | 01/MMDARCHULA/NCB/IOSSLM2082/083 | 5,000/- | 6,80,000/- |

**Chief Administrative Officer**

## Bagamati Province Government
### Ministry of Water Supply, Energy & Irrigation
## Water Supply & Sanitation Sub-Division
**Dolakha**

### Invitation for Bids (IFB)

**First date of publication: November 25, 2025 (BS-2082-08-09)**

Water Supply and Sanitation Sub-Division, Dolakha invites *only* electronic bids (www.bolpatra.gov.np/egp) for the following goods under National competitive biddings (NCB).

| S. N. | IFB No | Description of Works | Estimate Cost NRs (without VAT) | Bidding Price NRs. | Bid Security NRs. |
|---|---|---|---|---|---|
| 1 | NCB-Goods/02/082-083/WS-SSD-Dolakha | Supply & Delivery of PE-100, NS-40:2079, HDPE Pipe | 62,42,957.46 | 3,000 | 1,80,000.00 |
| 2 | NCB-Goods/03/082-083/WS-SSD-Dolakha | Supply & Delivery of G.I. Pipe, Fittings & Tools | 40,30,206.71 | 3,000 | 1,15,000.00 |

1. Interested Manufacturing Companies/Suppliers should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before **December 25, 2025 (BS-2082-09-10) 12:00 Noon. Manufacturer's Authorization Letter is obligatory**, if a bidder is not a manufacturer himself for the **Supply & Delivery of PE-100, NS-40:2079, HDPE Pipe**.

**Sub-Division Chief**

## साउदीमा रोजगार

कम्पनी : MUEEN HUMAN RESOURCES COMPANY SAUDI CLOSED JOINT STOCK | शहर :RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०८/०८ | चलानी नं.: ६०२४७७१२ | LT. No.: 334148

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 100 | 0 | स. काममा दक्ष | 1000 | ३८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता तिलोतमा ट्रेड टेस्ट सेन्टर बुटवलमा मिति २०८२ मंसिर ९ गते (25 November 2025) मा हुनेछ ।
अन्तर्वार्ता न्यू दिपा रेष्टुरेन्ट पोखरा, पृथ्वीचोकमा मिति २०८२ मंसिर ११ गते (27 November 2025) मा हुनेछ ।
अन्तर्वार्ता स्काई ब्यान्क्वेट सामाखुसीमा मिति २०८२ मंसिर ११ गते (27 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: १०९०/०७३/०७४
NEW ALFA H.R. SERVICES PVT. LTD.
Chandol-04, Kathmandu | Tel: 01-4721183, 984-1531176
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com

## CYPRUS मा रोजगार

कम्पनी : ANSOT EMPLOYMENT SERVICES LIMITED | शहर: AYIA NAPA
पूर्व स्वीकृत मितिः २०८१/१२/१२ | चलानी नं.: ६०२३५१६१ | L.T. No.: 320990 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 10 | 0 | सम्बन्धित काममा दक्ष | 850 | १,३९,८१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waitress | 0 | 5 | | 850 | १,३९,८१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १६ गते (2 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ROTARY OVERSEAS PVT. LTD.
Govt. Lic. No. 562/062/063
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873, Mobile : 9818216982, 970-2026500, 9851035262, 9815066489, Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com

## मलेसियामा रोजगार

कम्पनी :MAB AGRICULTURE-HORTICULTURE SDN BHD | शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०७/२८ | चलानी नं.: ६०२४७३८५ | LT. No.: 333725

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 250 | 0 | स. काममा दक्ष | 1700 | ५७,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ७ देखि १२ गते सम्म (23 to 28 November 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १४ गते (30 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Y.K. MANPOWER AGENCY PVT.LTD.
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu Tel.: (+977-014599181, 014597116), +977 9801234995.
Govt. Lic. No.: 439/074/075
E-mail: ykmanpoweragency@gmail.com, Web.: www.ykmanpower.com

## कतारमा रोजगार

कम्पनी : GREEN CITY CONTRACTING & SERVICES | शहर : QATAR,DOHA
पूर्व स्वीकृत मितिः २०८१/१२/२६ | चलानी नं.: ६०२३५८४७ | LT. No.:321738 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Data Entries | 0 | 1 | स. काममा दक्ष | 2500 | ९८,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १६ गते (2 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

VARSHA MANPOWER PVT. LTD.
Lic No.: 954/067/068
Basundhara, Kathmandu, Nepal, Tel : 01-5906944, 5908044.
Email: info@varshanepal.comWebsite: www.varshanepal.com

# वडाध्यक्षहरूले मागे कावा मेयरको राजीनामा




**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ८ मंसिर

फतुवा-विजयपुर नगरपालिकाका वडाअध्यक्षहरूले कार्यवाहक मेयर अम्बेया खातुनको राजीनामा माग गर्दै सोमबार बिजयपुर बजारमा विरोध प्रदर्शन गरेका छन् । 'करार कर्मचारीको व्यवस्थापन गर,' 'नगरलाई बन्धक बनाउन पाइदैन,' 'एकल निर्णय चल्दैन,'' असफल कार्यवाहक मेयर राजीनामा दे' जस्ता नारासहित गरिएको विरोध प्रदर्शन नगर परिक्रमा गर्दै कोणसभामा परिणत भएको थियो ।

विरोधसभामा बोल्दै वडा नम्बर २ का अध्यक्ष अनुरुद्द प्रसाद यादवले कार्यवाहक मेयर अम्बेया खातुन र उनका श्रीमान् शेख सेराजका कारण नगरपालिकाका अधिकांश वडा कार्यालयहरूमा तालाबन्दी हुन पुगेको र दैनिक प्रशासनिक कामकाज ठप्प भएको आरोप लगाए ।

उनका अनुसार वडा नं २ मा निर्माण भइसकेको कालोपत्रे सडकमा पुनः ५० लाख रुपैयाँ बराबरको माटो पुरी ग्राभेल देखाएर नक्कली बिल बनाएर भुक्तानी गर्न दवाब दिइएको थियो । प्रमुख प्रशासकीय अधिकृत भरत यादवले सो दावी मान्न अस्वीकार गरेपछि उनको सरुवा गराई नयाँ प्रमुख प्रशासकीय अधिकृत मदन थापालाई ल्याइएपछि विवाद झनै चर्किएको उनले बताए । वडाअध्यक्षहरूले नगरपालिकामा करोडौंका अनियमितता भएको दाबीसमेत गरेका छन् । उनीहरूको आरोप अनुसार कार्यवाहक मेयर खातुनले लालबकैया नदीमा पर्ने ग्राभेल, ढुंगा, गिटी, बालुवाको निकासी जथाभावी गर्दै कमिसन असुल्ने गरेको उल्लेख छ ।

